सुदूरपश्चिम प्रदेशमा सम्भावित प्राङ्गारिक कृषि क्षेत्र जोनिङ सम्बन्धी

अध्ययन प्रतिवेदन

आ.व. २०८२/०८३



सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय, दिपायल, डोटी

फोन नं.: ०९४-४४०१८७/४४००१० फ्याक्स नं.: ०९४-४४०४१४

E-mail : adddipayal@gmail.com, add@sudurpashchim.gov.np

Website: doad.sudurpashchim.gov.np

सुदूरपश्चिम प्रदेशमा सम्भावित प्राङ्गारिक कृषि क्षेत्र जोनिङ सम्बन्धी

अध्ययन प्रतिवेदन

२०८२/०८३



सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

दिपायल, डोटी

विषय-सूची

विषयसूची	पेज नं.
१. परिचय	१
२. अध्ययनको उद्देश्य	२
३. अध्ययन विधि	३
४. अध्ययनको क्षेत्र विवरण	३
५. तथ्याङ्क सङ्कलनका स्रोत	४
६. अध्ययनमा प्रयोग भएका प्रमुख सूचकहरु	४
७. प्राङ्गारिक कृषि क्षेत्र छनौटका प्रमुख मापदण्ड	५
८. प्राङ्गारिक कृषि क्षेत्र जोनिङका लागि मूल्याङ्कन प्रणाली	५
९. तथ्याङ्क विश्लेषण	५
१०. अध्ययनको सीमितता	६
११. अध्ययन नतिजा	६
११.१ बाजुरा जिल्ला	६
११.२ अछाम जिल्ला	११
११.३ डोटी जिल्ला	११
११.४ बैतडी जिल्ला	१२
११.५ बझाङ जिल्ला	१४
११.६ दार्चुला जिल्ला	१७
१२. निष्कर्ष, सिफारिस, प्राङ्गारिक कृषिको मार्ग चित्र र कार्य योजना	२०
सन्दर्भ सामाग्री	२४
अनुसूची १	२५
अनुसूची २	२७
अनुसूची ३	२८
अनुसूची ४	३२

१. परिचय

सुदूरपश्चिम प्रदेश भौगोलिक, जैविक, सामाजिक एवं सांस्कृतिक विविधताले भरिपूर्ण प्रदेश हो । समुन्द्री सतहबाट १०० मिटरको उचाईबाट ७००० मिटरभन्दा माथिसम्म फैलिएको यस प्रदेशमा उष्ण, समसितोष्ण देखि शीतोष्ण जलवायुसम्मका क्षेत्रहरु पाईन्छन । यही विवधताका कारण यस प्रदेशमा विभिन्न प्रकारका खाद्यान्न, फलफूल, तरकारी, मसला बाली, जडीबुटी तथा पशुपालन प्रणालीको विकास भएको छ ।

सुदूरपश्चिम प्रदेशको कृषि क्षेत्र प्रदेशको अर्थतन्त्र, रोजगारी, खाद्य तथा पोषण सुरक्षा र ग्रामीण जीविकोपार्जनको प्रमुख आधार हो। नेपालको कुल क्षेत्रफलको करिब १३.८ प्रतिशत भू-भाग ओगटेको यस प्रदेशमा करिब ३ लाख ६९ हजार हेक्टर खेती योग्य जमिन रहेको छ। प्रदेशका करिब ८४ प्रतिशत जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि तथा पशुपालन व्यवसायमा निर्भर रहेका छन्। आर्थिक सर्वेक्षण, २०८२/८३ अनुसार राष्ट्रिय कुल गार्हस्थ उत्पादनमा सुदूरपश्चिम प्रदेशको योगदान करिब ७ प्रतिशत रहेको छ भने प्रदेशको कुल गार्हस्थ उत्पादन (PGDP) मा कृषि क्षेत्रको योगदान ३३.७५ प्रतिशत रहेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं (२०८०/८१) का अनुसार नेपालको कुल उत्पादनमा सुदूरपश्चिम प्रदेशको धान उत्पादन १०.४७ प्रतिशत, गहुँ १७.२६ प्रतिशत, तोरी १०.११ प्रतिशत, उखु १२.३५ प्रतिशत, जुनार तथा मौसमी २१.१६ प्रतिशत, बेसार १४.८० प्रतिशत, केरा ७.९७ प्रतिशत तथा ओखर ३८.५५ प्रतिशत योगदान रहेको छ। विशेषगरी ओखर, जुनार तथा मौसमी, बेसार र गहुँ जस्ता बालीको उत्पादनमा प्रदेशको उल्लेखनीय योगदान रहेको छ, जसले उच्च मूल्यका कृषि वस्तु उत्पादन तथा निर्यात प्रवर्द्धनको पर्याप्त सम्भावना रहेको संकेत गर्दछ।

पछिल्लो दशकहरुमा कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले रासायनिक मल तथा विषादीको प्रयोगमा बढोत्तरी भईरहेको अवस्था छ । त्यस कारण अल्पकालीन रुपमा उत्पादन वृद्धि भई किसानहरुलाई थप आर्थिक लाभ भएको देखिएता पनि अन्ततोगत्वा माटोको उर्वराशक्ति, जलस्रोत, जैविक विविधता, परागसेचक जीव, मानव स्वास्थ तथा वातावरणमा दीर्घकालीन नकारात्मक प्रभावहरु देखिन थालेका छन ।

यी चुनौतीहरुको समाधानका लागि विश्वव्यापि रुपमा प्राङ्गारिक कृषिलाई दिगो कृषि प्रणालीका रुपमा प्रवर्द्धन गरिएको छ । प्राङ्गारिक कृषि भनेको प्राकृतिक स्रोत, जैविक प्रक्रिया र पर्यावरणीय सन्तुलनमा आधारित कृषि प्रणाली हो, जसले माटो, वनस्पति, जनावर, सूक्ष्म जीव र मानव स्वास्थ्यलाई दीर्घकालीन रूपमा संरक्षण गर्दै खाद्य उत्पादन गर्ने उद्देश्य राख्छ। यस प्रणालीमा रासायनिक मल, कृत्रिम विषादी, वृद्धि प्रवर्द्धक हर्मोन तथा आनुवंशिक रूपमा परिमार्जित जीव (GMO) को प्रयोगलाई निषेध वा अत्यन्त सीमित गरिन्छ। यसको सट्टा कम्पोष्ट, गोठेमल, हरियो मल, जैविक मल, जैविक विषादी, बाली चक्र, मिश्रित खेती तथा प्राकृतिक शत्रुहरूको प्रयोगमार्फत उत्पादन गरिन्छ।

१.१ प्राङ्गारिक कृषिको मूल अवधारणा

१.१.१ माटोको स्वास्थ्य संरक्षण

माटो जीवित प्रणाली हो भन्ने मान्यतामा आधारित रही यसको उर्वराशक्ति, जैविक पदार्थ र सूक्ष्मजीवहरूको संरक्षण गरिन्छ।

१.१.२ पारिस्थितिक प्रणालीसँग सामञ्जस्य

कृषि उत्पादनलाई प्रकृतिको चक्रसँग मिलाएर सञ्चालन गरिन्छ, जसले जैविक विविधता र पारिस्थितिक सन्तुलन कायम राख्छ।

१.१.३ रासायनिक पदार्थको न्यून वा निषेध प्रयोग

कृत्रिम मल, रासायनिक विषादी, कृत्रिम वृद्धि प्रवर्द्धक तथा GMO बाट टाढा रही प्राकृतिक विकल्पहरू प्रयोग गरिन्छ।

१.१.४ जैविक विविधताको संरक्षण
स्थानीय बाली, रैथाने बाली, बीउ, परागसेचक (जस्तै मौरी), उपयोगी कीरा तथा अन्य जीवहरूको संरक्षणलाई प्राथमिकता दिइन्छ।

१.१.५ दिगोपन
वर्तमान पुस्ताको आवश्यकता पूरा गर्दै भविष्यका पुस्ताका लागि प्राकृतिक स्रोतहरूको संरक्षण गर्ने लक्ष्य राखिन्छ।

१.१.६ स्वास्थ्यकर खाद्य उत्पादन
उपभोक्तालाई सुरक्षित, पोषणयुक्त र न्यून रासायनिक अवशेष भएको खाद्य उपलब्ध गराइन्छ।

सुदूरपश्चिम प्रदेश प्राकृतिक स्रोत, विविध जलवायु, परम्परागत कृषि प्रणाली तथा कम रासायनिक इनपुट प्रयोग हुने क्षेत्र भएकाले प्राङ्गारिक कृषिको उच्च सम्भावना भएको प्रदेश मानिन्छ। प्रदेश सरकारले कृषि विकास रणनीति, आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रममार्फत दिगो कृषि, विषादीको सुरक्षित प्रयोग, जैविक विविधता संरक्षण, मूल्य शृङ्खला विकास तथा उच्च मूल्यका कृषि वस्तुको प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ।

सुदूरपश्चिमका अधिकांश पहाडी तथा हिमाली जिल्लामा परम्परागत रूपमा गोठेमल, कम्पोष्ट मल, हरियो मल तथा स्थानीय बीउको प्रयोग अझै पनि व्यापक छ। धेरै स्थानमा रासायनिक मल तथा विषादीको प्रयोग राष्ट्रिय औसतभन्दा कम भएको तथा प्रयोग नै नभएको कारण यस प्रदेशको प्राङ्गारिक उत्पादनमा रूपान्तरण गर्न अपेक्षाकृत सहज वातावरण रहेको छ। यद्यपि औपचारिक प्रमाणीकरण (Certification), बजार पहुँच र मूल्य अभिवृद्धिमा अझै चुनौतीहरू छन्।

प्राङ्गारिक कृषि क्षेत्र निर्धारण गर्नु भनेको प्राकृतिक स्रोत, माटो, जलवायु, बर्तमान कृषि प्रणाली, रासायनिक प्रदुषणको अवस्था, जैविक विविधता, बजार पहुँच तथा सामाजिक-आर्थिक अवस्थाको वैज्ञानिक मूल्याङ्कन गरी प्राङ्गारिक कृषि विकासका लागि उपयुक्त क्षेत्रहरुको पहिचान गर्नु हो । यस प्रकारको क्षेत्र निर्धारणबाट सुदूरपश्चिम प्रदेश सरकारले प्राङ्गारिक कृषि तर्फ स्रोत परिचालन, पूर्वाधार विकास, प्राविधिक सेवा विस्तार, प्रमाणिकरण तथा बजार व्यवस्थापनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहयोग पुर्याउँछ ।

२. अध्ययनको उद्देश्य
सुदूरपश्चिम प्रदेश सरकार तथा स्थानीय तहहरुले प्राङ्गारिक कृषि प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरे पनि प्रदेशस्तरमा स्पष्ट प्राङ्गारिक कृषि निति, योजना, प्राथमिकता निर्धारण, मापदण्ड तथा कार्यान्वयन ढाँचाको अभाव रहेका कारण प्राङ्गारिक कृषिले स्पष्ट गन्तव्य प्राप्त गर्न सकेको छैन । त्यस कारण पनि यस अध्ययनको उद्देश्य सो कृषि कार्यक्रम प्राङ्गारिक कृषि तर्फ निर्देशित गर्ने योजनार्थ यो अध्ययन गरिएको छ ।

यस अध्ययनको प्रमुख उद्देश्य यस प्रदेशभित्र रहेका स्थानीय तहहरु भित्रका कृषि क्षेत्रको पहिचान तथा बैज्ञानिक मूल्याङ्कन गरी प्राङ्गारिक कृषि क्षेत्र निर्धारण गर्नु हो । कृषि कार्यक्रमलाई सुदूरपश्चिम प्रदेशको जिल्ला तथा स्थानीय तहमा प्राङ्गारिक कृषि तर्फ निर्देशित गर्ने योजनार्थ निम्न आवश्यकताहरु परिपूर्ति गर्ने उद्देश्य राखिएको छ ।

- प्रस्तावित प्राङ्गारिक कृषि क्षेत्रहरुको भौगोलिक तथा कृषि अवस्थाको विश्लेषण गर्नु
- माटो, जलवायु तथा प्राकृतिक स्रोतहरुको अवस्था तथा प्राङ्गारिक कृषिका निम्ति त्यसको उपयुक्तताको अध्ययन तथा मुल्यांकन गर्नु
- प्रस्तावित क्षेत्रहरुमा रासायनिक विषादी तथा रासायनिक मल प्रयोगको अवस्था अध्ययन तथा विश्लेषण गर्नु
- प्रस्तावित क्षेत्रहरुका निम्ति स्थानीय तह, कृषक र सम्बन्धित सरोकारवालाहरुको समन्वयमा उपयुक्त प्राङ्गारिक बालीहरु निर्धारण तथा सिफारिस गर्नु
- प्रस्तावित गरिएका प्राङ्गारिक कृषि क्षेत्रहरुमा रहेका रैथाने बालीहरु लगायतको जैविक विविधता कायम, तिनको संरक्षण एवम् सम्वर्द्धनको सम्भाव्यता अध्ययन गर्ने
- प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयनका निम्ति प्राथमिकता क्षेत्र निर्धारण गर्ने

३. अध्ययन विधि

यस अध्ययनका निम्ति सुदूरपश्चिम प्रदेशका डोटी, बैतडी, अछाम, बझाङ्ग, बाजुरा र दार्चुला गरी ६ जिल्लाका १४ स्थानीय तहहरुको स्थलगत भ्रमण गरी त्यस स्थानका कृषक, एग्रोभेट सञ्चालक, कृषि उपज बिक्रेता, उपभोक्ता, जनप्रतिनिधि, कृषि प्राविधिक, पशु सेवा प्राविधिक एवम् अन्य सरोकारवाला व्यक्तिहरुसँग प्रतिनिधिमुलक छलफल गरियो। दार्चुलाका दुई स्थानीय तहहरु, ब्यास गाउँपालिका र अपिहिमाल गाउँपालिकाको हकमा सम्बन्धित व्यक्तिहरुसँग प्रतिनिधिमूलक टेलीफ़ोनबाट प्रतिनिधिमूलक छलफल गरी त्यस क्षेत्रको प्राङ्गारिक कृषि सम्बन्धी सम्भाव्यता तथा क्षेत्रांकनका निम्ति जानकारी एवम् आवश्यक विवरण संकलन गरियो ।

अध्ययनको रूपरेखा निम्न चरणहरुमा सम्पन्न गरिएको छ :

पहिलो चरण- डेस्क अध्ययनः उपलब्ध नीति तथा कार्यक्रमहरुको अध्ययन तथा समीक्षा

दोस्रो चरण- फिल्ड भ्रमण, अन्तरक्रिया मार्फत स्थानीय तहबाट प्राप्त प्रस्तावित प्राङ्गारिक क्षेत्रहरुको संकलन

तेस्रो चरण- तथ्याङ्क विश्लेषण, प्राङ्गारिक कृषिको सम्भावना मूल्याङ्कन

चौथो चरण- प्राङ्गारिक कृषि जोन निर्धारण तथा GIS नक्सांकन

पाँचौ चरण- सिफारिस तथा कार्ययोजना तयार

४. अध्ययन क्षेत्र विवरण

यस अध्ययनले सुदूरपश्चिम प्रदेशका डोटी, बैतडी, अछाम, बझाङ्ग, बाजुरा र दार्चुला गरी ६ जिल्लाका तपसिल बमोजिमका १६ स्थानीय तहहरुलाई प्राङ्गारिक कृषि अध्ययनका क्षेत्रका रुपमा समेटेको छ ।

क्र.सं.	जिल्ला	स्थानीय तह
१	डोटी	सायल गाउँपालिका
२	अछाम	रामारोशन गाउँपालिका
३	बैतडी	पुर्चौडी नगरपालिका सुर्नया गाउँपालिका
४	बाजुरा	बडीमालिका नगरपालिका बुढीनन्दा नगरपालिका गौमुल गाउँपालिका जगन्नाथ गाउँपालिका हिमाली गाउँपालिका स्वामीकार्तिक खापर गाउँपालिका
५	बझाङ्ग	बुङ्गल नगरपालिका साइपाल गाउँपालिका मष्टा गाउँपालिका तलकोट गाउँपालिका सुर्मा गाउँपालिका
६	दार्चुला	व्याँस गाउँपालिका अपिहिमाल गाउँपालिका मार्मा गाउँपालिका नौगाड गाउँपालिका मालिकार्जुन गाउँपालिका

५. तथ्याङ्क सङ्कलनका स्रोत

५.१ प्राथमिक तथ्याङ्क

आवश्यकता अनुसार तपसिल बमोजिमका माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो ।

- स्थलगत अवलोकन
- किसान सर्वेक्षण
- स्थानीय तहका जनप्रतिनिधि, प्राविधिक, सम्बन्धित सरोकारवाला तथा अन्य प्रमुख व्यक्तिहरूसँग अन्तर्वार्ता (Key Informant Interview)
- समूहगत छलफल (Focus Group Discussion)

५.२ द्वितीय तथ्याङ्क

कृषि तथा प्राङ्गारिक कृषि सम्बन्धी द्वितीय तथ्याङ्क कृषिसँग सम्बन्धित विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुबाट विभिन्न मितिमा प्रकाशित भएका पुस्तक, लेख, जर्नल, वार्षिक पुस्तिका आदि सामाग्रीहरुबाट प्राप्त गरिएको थियो ।

६.अध्ययनमा प्रयोग भएका प्रमुख सूचकहरू (Indicators)

प्राङ्गारिक कृषि क्षेत्रको सम्भाव्यता मूल्याङ्कन गर्न निम्न सूचकहरू प्रयोग गरिएको छ ।

(क) प्राकृतिक तथा जैविक सूचक

- उचाई
- तापक्रम तथा वर्षा
- माटोको प्रकार, उर्वराशक्ति र जैविक पदार्थ
- पानी तथा सिँचाइको उपलब्धता
- वन क्षेत्र तथा प्राकृतिक जैविक विविधता
- वातावरणीय प्रदूषणको स्तर

(ख) कृषि उत्पादन सम्बन्धी सूचक

- प्रमुख बाली तथा खेती प्रणाली
- रासायनिक मलको प्रयोगको अवस्था
- रासायनिक विषादी प्रयोगको अवस्था
- गोठेमल, कम्पोष्ट तथा अन्य जैविक मलको उपलब्धता
- स्थानीय बीउ तथा रैथाने जातहरूको संरक्षण
- बाली विविधीकरणको अवस्था
- पशुपालनसँगको एकीकृत कृषि प्रणाली

(ग) सामाजिक तथा आर्थिक सूचक

- कृषिमा संलग्न घरधुरीको संख्या
- किसान समूह तथा सहकारीको सक्रियता
- प्राङ्गारिक कृषि सम्बन्धी ज्ञान र अनुभव
- श्रम उपलब्धता
- कृषि उत्पादनको बजार पहुँच
- प्राङ्गारिक उत्पादनको सम्भावित माग
- स्थानीय सरकारको प्राथमिकता तथा नीति

(घ) पूर्वाधार तथा संस्थागत सूचक

- सडक पहुँच
- सङ्कलन तथा प्रशोधन केन्द्र
- भण्डारण तथा चिस्यान केन्द्र
- प्राविधिक सेवा तथा विस्तार प्रणाली
- प्रमाणीकरण (Certification/PGS) को सम्भावना

(ङ) वातावरणीय तथा दिगोपनका सूचक

- माटो संरक्षणको अवस्था
- जलाधार संरक्षण
- जलवायु परिवर्तनको जोखिम
- कृषि जैविक विविधताको संरक्षण
- प्राकृतिक स्रोतको दिगो उपयोग

७. प्राङ्गारिक कृषि क्षेत्र छनौटका प्रमुख मापदण्ड

प्राङ्गारिक कृषि क्षेत्रको छनौटका लागि निम्न मापदण्डहरू अपनाइएको छ ।

- रासायनिक मल तथा विषादीको प्रयोग न्यून वा नगण्य भएको क्षेत्र
- परम्परागत तथा स्थानीय स्रोतमा आधारित खेती प्रणाली प्रचलित भएको क्षेत्र
- पर्याप्त गोठेमल, कम्पोष्ट तथा अन्य जैविक स्रोत उपलब्ध भएको क्षेत्र
- स्थानीय/ रैथाने जातका बालीको उपलब्धता तथा कृषि जैविक विविधता संरक्षण भएको क्षेत्र
- वातावरणीय प्रदूषण न्यून भएको क्षेत्र
- प्राङ्गारिक उत्पादनका लागि उपयुक्त माटो, जलवायु तथा पानीको उपलब्धता भएको क्षेत्र
- प्रमुख बाली तथा खेती प्रणालीको अवस्था
- किसान समूह, सहकारी तथा स्थानीय सरकारको सक्रिय सहभागिता भएको क्षेत्र
- प्राङ्गारिक प्रमाणीकरण (Organic Certification वा Participatory Guarantee System–PGS)सञ्चालन गर्न सकिने क्षेत्र
- प्राङ्गारिक उत्पादनको बजार तथा मूल्य शृङ्खला विकासको सम्भावना भएको क्षेत्र
- दिगो कृषि, जैविक विविधता संरक्षण तथा जलवायु अनुकूल कृषि प्रवर्द्धन गर्न सकिने क्षेत्र

८. जोनिङका लागि मूल्याङ्कन प्रणाली (Scoring Matrix)

अध्ययनमा प्रत्येक सूचकलाई निश्चित भार (Weight) दिई मूल्याङ्कन गरिएको थियो ।

सूचक	भार (%)
प्राकृतिक तथा जैविक अवस्था	३०
कृषि अभ्यास	२५
सामाजिक तथा आर्थिक अवस्था	२०
पूर्वाधार तथा बजार	१५
वातावरणीय दिगोपन	१०
जम्मा	१००

कुल प्राप्त अङ्कका आधारमा क्षेत्रहरूलाई निम्न वर्गमा वर्गीकरण गरिएको थियो ।

- **८०–१०० अंक:** अत्यन्त उपयुक्त (Highly Suitable)
- **६०–७९ अंक:** उपयुक्त (Suitable)
- **४०–५९ अंक:** मध्यम उपयुक्त (Moderately Suitable)
- **४० भन्दा कम:** कम उपयुक्त (Less Suitable)

प्राप्तांकका आधारमा अत्यन्त उपयुक्त वर्गमा परेका स्थान/वडा/क्षेत्रलाई प्राङ्गारिक क्षेत्रका रुपमा सिफारिस गरिएको थियो । प्रथम चरणका निम्ति यसलाई अघि बढाउने र यसको सफलतासँगै भविष्यमा अन्य क्षेत्रहरुमा पनि प्राङ्गारिक कार्यक्रम विस्तार तथा विकास गर्न सकिने ध्येय राखिएको थियो ।

९. तथ्याङ्क विश्लेषण

यस अध्ययनका क्रममा संकलन गरिएका प्राथमिक तथा द्वितीयक तथ्याङ्कहरूको विश्लेषण गुणात्मक (Qualitative) र परिमाणात्मक (Quantitative) दुवै विधिबाट गरिएको छ। स्थलगत अवलोकन, किसान सर्वेक्षण, सरोकारवालासँगको अन्तर्वार्ता, समूहगत छलफल तथा स्थानीय तहबाट प्राप्त सूचनालाई विषयगत रूपमा वर्गीकरण गरी विश्लेषण गरिएको छ।

विश्लेषणबाट प्राप्त नतिजा तथा प्राङ्गारिक कृषि क्षेत्र छनोटका लागि निर्धारण गरिएका भौतिक, जैविक, सामाजिक र पूर्वाधारसम्बन्धी सूचकहरूको समग्र मूल्याङ्कनका आधारमा सम्भावित प्राङ्गारिक कृषि क्षेत्रहरूको जोनिङ (Zoning) गरिएको हो। विश्लेषणबाट प्राप्त नतिजालाई तालिका, नक्सा, चित्र तथा वर्णनात्मक विश्लेषणमार्फत प्रस्तुत गरिएको छ।

अन्ततः तथ्याङ्क विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा प्राङ्गारिक कृषि विकासका लागि अत्यन्त उपयुक्त क्षेत्र निर्धारण, उपयुक्त बाली तथा उत्पादन प्रणालीको सिफारिस, रैथाने बाली तथा जैविक विविधताको संरक्षणका उपाय, साथै प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयनका लागि आवश्यक रणनीति र कार्ययोजना प्रस्ताव गरिएको छ।

१०. अध्ययनको सिमितता

समय अभावका कारण दार्चुलाको अपिहिमाल ब्यास गाउँपालिका र ब्यास गाउँपालिका र बझाङको साईपाल गाउँपालिकामा स्थलगत अध्ययन गर्न जान सकिएन । साथै यस अध्ययनमा प्रयोग गरिएको प्रारम्भिक क्षेत्र सूची सम्बन्धित स्थानीय तहबाट प्राप्त भएको विवरण तथा अध्ययनमा आधारित छ, जसलाई स्थानीय क्षेत्रमा गएर किसानहरुको खेत बारी निरिक्षण, माटोको अवस्था, भूमि उपयोगको अवस्था, कृषि प्रणाली, जैबिक विविधताको क्षेत्रगत सर्वेक्षण तथा **GIS**-आधारित स्थलगत प्रमाणीकरण आदि गर्न सकिएको छैन ।

११. अध्ययन नतिजा (Zoning maps सहित)

यस अध्ययनबाट सुदूरपश्चिम प्रदेशका विभिन्न प्रस्तावित क्षेत्रमा प्राङ्गारिक कृषि विकासका लागि अनुकूल प्राकृतिक, भौगोलिक तथा सामाजिक–आर्थिक आधारहरू विद्यमान रहेको पाइयो। यस प्रदेशमा रासायनिक मल तथा विषादीको प्रयोग राष्ट्रिय औसतको तुलनामा न्यून रहेको, कृषि प्रणाली परम्परागत तथा मिश्रित प्रकृतिको रहेको, रैथाने बाली तथा कृषि जैविक विविधता अपेक्षाकृत राम्रो अवस्थामा रहेको तथा धेरै क्षेत्रमा प्राकृतिक स्रोतहरूको संरक्षण भएको कारण प्राङ्गारिक कृषि विकासको उच्च सम्भावना देखिएको छ। अध्ययन नतिजालाई जिल्लागत रुपमा यसरी वर्गीकृत गरिएको छ ।

११.१ बाजुरा

११.१.१ गौमुल गाउँपालिका

बाजुरा जिल्लामा रहेका ९ वटा स्थानीय तहहरु मध्ये गौमुल गाउँपालिका दुर्गम र भौगोलिक रुपमा विकट गाउँपालिका हो । यस गाउँपालिकाको सिमाना पूर्वमा बुढीनन्दा नगरपालिका, पश्चिममा बझागं जिल्ला, उत्तरमा हिमाली गाउँपालिका तथा बझाङ जिल्ला र दक्षिणमा बडीमालिका नगरपालिका र खप्तड छेडेदह गाउँपालिकासँग जोडिएको छ । यो गाउँपालिका समुद्री सतह देखि १३६० मिटर देखि ५४४० मिटरसम्म फैलिएको छ । यस गाउँपालिकाको अधिकाँश भू-भाग उच्च पहाडी र हिमाली क्षेत्र भित्र पर्दछ । ३१४.६६ वर्ग किलो मिटरमा क्षेत्रफलमा यो गाउँपालिका फैलिएको छ ।यस गाउँपालिकाको अधिकाँश क्षेत्र भिरालो तथा चट्टानी भू-भाग रहेको छ । यस गाउँपालिकामा वनजंगलले ३७ प्रतिशत भू-भाग ओगटेको छ । घाँसे भू-भाग २३.९२ प्रतिशत, वुट्यान १९ प्रतिशत, र बाँझो उजाड भू-भागले पनि १२.६२ प्रतिशत ओगटेको छ ।



स्थलगत अध्ययन तथा स्थानीय तहसँगको समन्वयबाट प्राप्त विवरण अनुसार यस क्षेत्रमा एग्रोभेट नभएको र किसानहरुले रासायनिक मल तथा विषादीको प्रयोग नगण्य रुपमा गर्दछन भन्ने जानकारी प्राप्त भयो ।

रासायानिक इनपुटको प्रयोग एवम् रैथाने बालीको खेतीको अवस्थाको आधारमा जौ, कोदो, मकै, सिमीको उत्पादन प्राङ्गारिक रुपमा भईरहेको र प्राङ्गारिक खेतीका निम्ति आवश्यक गोठेमल, कम्पोष्ट मल किसानहरुले प्रयोग गर्ने गरेको पाईयो । प्राङ्गारिक जोनिङका गरिएको मूल्याङ्कन प्रणाली अनुसार गौमुल गाउँपालिकाको वडा नं. १, २ र ३ क्षेत्रहरुलाई प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा देखियो । यस क्षेत्रका कृषकहरुका उत्पादन बजारमा पुर्याउन ढूवानीको समस्या रहेको र विभिन्न बालीको प्रशोधन एवम् मूल्यश्रृंखलामा जान समस्या रहेको देखिएको छ ।

११.१.२ हिमाली गाउँपालिका

हिमाली गाउँपालिका सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लाको उत्तरी भागमा अवस्थित एक दुर्गम स्थानीय तह हो। समुद्री सतहबाट उच्च उचाइमा रहेको यस क्षेत्रमा जाडो मौसममा व्यापक हिमपात हुने गर्दछ र उच्च हिमाली भेगमा लामो समयसम्म हिउँ रहने गर्दछ। यसले यहाँको कृषि प्रणाली, जीविकोपार्जन, यातायात तथा जनजीवनमा प्रत्यक्ष प्रभाव पार्दछ। गाउँपालिकाको कुल क्षेत्रफल ८३०.३३ वर्ग किलोमिटर रहेको छ भने कुल जनसंख्या ९,२१४ रहेको छ। गाउँपालिका ७ वटा वडामा विभाजित रहेको छ।

हिमाली गाउँपालिकामा प्राकृतिक स्रोत, उच्च हिमाली जैविक विविधता, जडीबुटी, पशुपालन तथा परम्परागत कम-रासायनिक कृषि प्रणालीका कारण प्राङ्गारिक कृषि विकासको उच्च सम्भावना रहेको छ। विभिन्न कृषिवस्तु तथा बहुमूल्य जडीबुटीहरूको प्राङ्गारिक उत्पादन, प्रशोधन तथा ब्रान्डिङमार्फत यस क्षेत्रको कृषि तथा ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउन सकिने पर्याप्त अवसरहरू छन्। यस क्षेत्रमा ३ एग्रोभेट रहेको र किसानहरुले रासायनिक मल तथा विषादीको प्रयोग न्यून रुपमा गर्ने भन्ने जानकारी प्राप्त भयो ।

स्थलगत अध्ययन तथा स्थानीय तहबाट प्राप्त विवरण अनुसार हिमाली गाउँपालिकाको सम्पूर्ण क्षेत्र सिमी, कागुनो, चिनो, कोदो, फापर, लट्टे/मार्से, कालो मास, जौ, उवा, जुनेलो तथा स्थानीय रातो धानको खेतिका निम्ति उपयुक्त छ । हिमाली गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस गाउँपालिकामा कोदो २५०० क्विन्टल, सिमी १००० क्विन्टल, स्थानिय रातो धान ५०० क्विन्टल, चिनो १५० क्विन्टल, कागुनो १२० क्विन्टल, फापर ५० क्विन्टल, जौ ५० क्विन्टल, मार्से ४० क्विन्टल, उवा ३० क्विन्टल र जुनेलो १० क्विन्टल उत्पादन वार्षिक रुपमा भईरहेको देखिएको छ ।प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार हिमाली गाउँपालिकाका सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा देखियो ।

त्यसका साथै कृषि शाखाबाट प्राप्त जानकारी अनुसार यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/८३ मा करीब १५०० क्विन्टल रैथाने जातका खाधान्न नेपालगन्ज, सुर्खेत, काठमाडौं लगायतका बजारमा बिक्रीका लागी जाने गरेको बुझिएकाले रैथाने बालीको उपजलाई प्राङ्गारिक उत्पादनको प्रमाणिकरण गर्न सकिएमा त्यसले प्रीमियम प्राईस प्राप्त गर्न सकिने देखिएको छ ।स्थानीय कृषि उपज विक्री वितरणका निम्ति धुलाचौरमा रैथाने बाली संकलन तथा प्रसोधन केन्द्र सञ्चालनमा रहेको छ र चिनो, कोदो, कागुनो, फापर, लट्टे, सिमी, रातो धान, भटमास आदि संकलन गर्ने, मिलमा प्रशोधन गर्ने, प्याकेजिंग गरी बिक्री बितरण गर्ने गरिएको छ । साथै उक्त बिक्री केन्द्रले रैथाने उपजका स्थानिय खाजा/खाना तयार गरी बितरण गरिरहेको छ ।

११.१.३ बडीमालिका नगरपालिका

यस नगरपालिका पूर्वमा बुढीनन्दा नगरपालिका र जगन्नाथ गाउँपालिका, पश्चिममा गौमूल गाउँपालिका, खप्तड छेडेदह गाउँपालिका तथा बुढीगङ्गा नगरपालिका, उत्तरमा गौमूल गाउँपालिका र बुढीनन्दा नगरपालिका तथा दक्षिणमा त्रिवेणी नगरपालिका रहेको छ। यो नगरपालिका समुद्री सतहदेखि १०८० मिटरदेखि ४३६० मि. सम्म फैलिएको छ । यस नगरपालिकाको अधिकाँश भू-भाग उच्च पहाडी क्षेत्र भित्र पर्दछ । यो नगरपालिका २७६ वर्ग किलो मिटरमा क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिकामा वनजंगलले मात्र ६० प्रतिशत भू-भाग ओगटेको छ । घासे भू-भाग, वुट्यान र उजाड भू-भागले २८.३३ प्रतिशत ओगटेको छ । चट्टानले ०.०७ प्रतिशत भू-भाग ओगटेको छ ।



बडीमालिका नगरपालिकाको कुल क्षेत्रफल २७५१९.१५ हे. मध्ये १६५४६. ८७ हे. क्षेत्रफल वनजङ्गल, ८५.३८ हे. क्षेत्रफल वलौटे जमिन, २०.३० हे. भिर तथा चट्टान, ४३९३.१५ हे. धासे क्षेत्र, ३०९३. ०६ हे. वुट्यान तथा झाडी, ३११.७६ हे. उजाड भूमि र ३०६८.६० हे. खेतीयोग्य जमिनले ओगटेको छ । यस नगरपालिकाको ८९.९ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् । यस नगरपालिकाका कृषि बाहेक ज्यालादारी तथा मौसमी रोजगार, व्यापार व्यवसाय, जागिर तथा अन्य सापटीबाट जीविकोपार्जन गरेका छन् । कृषि र गैरकृषि जन्य व्यवसाय प्रवर्द्धनका लागि यस नगरपालिकामा ३ वटा एग्रोभेट, एउटा रस्टिक स्टोर र एउटा तरकारी संकलन केन्द्र रहेका छन ।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार बडीमालिका नगरपालिकाको वडा नं. ३, ५, ६ र ७ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा देखियो । यी क्षेत्रहरु कोदो तथा जौका निम्ति उपयुक्त देखिएपनि मार्से (लट्टे), कालो मार्सी धान, थापा चिनी धान, गहत इत्यादीको रैथाने/स्थानीय जातहरुको खेती यस क्षेत्रमा भईरहेको देखिएको छ ।स्थानिय उत्पादन विक्री वितरणका निम्ति विगतमा १ कोशेली घर सञ्चालनमा रहेको भए पनि हाल विविध कारणले बन्द रहेको छ ।

११.१.४ बुढीनन्दा नगरपालिका

बुढीनन्दा नगरपालिकाको कुल क्षेत्रफल २३२.२८ वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या करिब १९ हजार रहेको छ। नगरपालिका १० वटा वडामा विभाजित छ। भौगोलिक रूपमा यो उच्च पहाडी क्षेत्रमा अवस्थित छ र प्रसिद्ध बुढीनन्दा हिमाल तथा बुढीनन्दा नदीका नामबाट यसको नामकरण गरिएको हो। कोल्टी विमानस्थल यस नगरपालिकामा अवस्थित भएकाले जिल्लाको उत्तरी क्षेत्रको प्रमुख व्यापारिक तथा सेवा केन्द्रका रूपमा पनि यसको महत्व रहेको छ।

नगरपालिकाको प्रमुख आर्थिक आधार कृषि, पशुपालन, व्यापार तथा सेवा क्षेत्र हुन्। यहाँ धान, मकै, गहुँ, कोदो, फापर, आलु, सिमी, राजमा, तरकारी तथा फलफूल उत्पादन गरिन्छ। साथै भेडा, बाख्रा, गाई–भैँसी पालन तथा मौरीपालन पनि ग्रामीण आयआर्जनका महत्वपूर्ण स्रोत हुन्।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार बुढीनन्दा नगरपालिकाको वडा नं. ३, ४, ९ र १० मा सिमी, कोदो तथा आलु प्राङ्गारिक उत्पादनका लागि अत्यन्त उपयुक्त देखिएको छ। सरोकारवालाहरुसँगको बृहत्तर अन्तर्क्रिया मार्फत यी क्षेत्रहरुमा रासायनिक विषादी तथा रासायनिक मलको प्रयोग नहुने जानकारी प्राप्त भयो । यहाँको कोदो, सिमी बिक्री वितरणका निम्ति काठमाडौंसम्म जाने र आलुको माग धनगढी, सुर्खेतमा भएको देखियो । त्यस्तै यस क्षेत्रमा मदनपुरो, थापा चिनी, जुम्ली धान, कालो मार्सि जस्ता धानका रैथाने/स्थानीय जातहरु पनि खेती गर्ने गरिएको र यहाँका स्थानीय/ रैथाने बालीका उपज खरीदका निम्ति बिचौलियाहरु यहाँ सम्म आउने गरेको जानकारी समेत प्राप्त गरियो ।



११.१.५ जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिकाको कुल क्षेत्रफल १७१.७२ वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या १०,१५८ रहेको छ, जसमा ४,८६८ पुरुष र ५,२९० महिला रहेका छन्। गाउँपालिका ६ वटा वडामा विभाजित छ। भौगोलिक रूपमा यो गाउँपालिका मध्यपहाडी क्षेत्रमा अवस्थित छ। यहाँको प्रमुख जीविकोपार्जनको आधार कृषि, पशुपालन तथा वैदेशिक रोजगारी हो। धान, मकै, गहुँ, कोदो, फापर, सिमी, राजमा लगायतका खाद्यान्न तथा दलहन बालीहरूको खेती गरिन्छ। साथै बाख्रापालन, गाई–भैंसीपालन व्यवसायको पनि राम्रो सम्भावना रहेको छ।



प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार जगन्नाथ गाउँपालिकाको वडा नं. २, ३, ४, ५ र ६ प्राङ्गारिक उत्पादनका लागि अत्यन्त उपयुक्त देखिएको छ । स्थलगत अध्ययन तथा स्थानीय तहसँगको समन्वयबाट प्राप्त विवरण अनुसार यी क्षेत्रहरुमा सिमी, कोदो, कागुनो तथा मकै मुख्य रुपमा खेती गरिएपनि फापर, चिनो, लेकाली गहुँ (पावै गहुँ), सुनालो धान इत्यादी रैथाने/स्थानीय जातहरुको खेती भईरहेको पाईएको छ । कृषि उत्पादनको बजारको अवस्था मुल्यांकन गर्दा त्यहाँ १ बोरा सिमी (५० के.जी.) लाई ३ बोरा चामल (७५ के.जी.) सँग साटिने गरेको पाईएकोले प्राङ्गारिक प्रमाणिकरण सहित बजारमा पहुँचको व्यवस्था गर्न सकिएमा त्यहाँ उत्पादन भएका कृषि बस्तुले उचित मुल्य पाउने र त्यसबाट स्थानीय कृषक लाभान्वित हुन सक्ने देखिएको छ ।

११.१.६ स्वामीकार्तिक खापर गाउँपालिका

स्वामीकार्तिक खापर गाउँपालिका सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्ला अन्तर्गत पर्ने एक दुर्गम गाउँपालिका हो। गाउँपालिकाको कुल क्षेत्रफल करिब ११०.५५ वर्ग किलोमिटर रहेको छ र यो ५ वटा वडामा विभाजित छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको जनसंख्या करिब १२,५७६ रहेको छ। भौगोलिक रूपमा यो बाजुरा जिल्लाको अपेक्षाकृत सानो क्षेत्रफल भएको गाउँपालिका भए पनि कृषि तथा प्राकृतिक स्रोतको दृष्टिले महत्वपूर्ण स्थान ओगटेको छ। भौगोलिक रूपमा गाउँपालिकाको पूर्वमा कालिकोट र मुगु जिल्ला, पश्चिममा जगन्नाथ गाउँपालिका, उत्तरमा हिमाली गाउँपालिका तथा दक्षिणमा कालिकोट जिल्ला पर्दछन्। यहाँको प्रमुख जीविकोपार्जन कृषि, पशुपालन, वैदेशिक रोजगारी तथा साना उद्यमहरूमा आधारित रहेको छ।



प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार स्वामीकार्तिक खापर गाउँपालिकाको सम्पूर्ण क्षेत्र प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा देखियो । यस क्षेत्रमा सिमी, चिनो, कागुनो, कोदो तथा मकै, भटमासको खेती मुख्य रुपमा हुने गरेको पाईयो ।

स्वामी कार्तिक खापर गाउँपालिका, वडा नं. १ का अगुवा कृषक विरमान रावलका अनुसार त्यस स्थानमा कृषकहरुलाई जैविक विषादी/झोल मल बनाऊन लिबर्ड परियोजनाले सिकाएको र स्थानीय कृषकहरुले सोहि अनुसार रासायनिक मल तथा विषादीको प्रयोगको बैकल्पिक उपायलाई अवलम्बन गरिरहेको पाईएकोले पनि यो स्थानमा प्राङ्गारिक खेतीलाई स्थानीय कृषकहरुबीच अभियानका रुपमा लैजान सक्ने देखिएको छ ।

बाजुरा जिल्लाका यी स्थानीय तहहरूमा रैथाने अन्नबाली तथा दलहन बालीहरूको संरक्षण अझै कायम रहेको छ। विशेषगरी कोदो, चिनो, कागुनो, फापर, जौ, स्थानीय धान तथा सिमी जस्ता पोषणयुक्त र जलवायु–अनुकूल बालीहरूको उत्पादनले स्थानीय खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको छ। यी बालीहरू प्राङ्गारिक प्रमाणीकरण गरी विशेष उत्पादन (Niche Products) का रूपमा बजार प्रवर्द्धन गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

यद्यपि, दुर्गम भौगोलिक अवस्था, सीमित सिँचाइ सुविधा, कृषि सडक तथा बजार पहुँचको कमी, उत्पादन सङ्कलन तथा प्रशोधन केन्द्रको अभाव, प्राविधिक सेवाको सीमित पहुँच तथा प्राङ्गारिक उत्पादनको प्रमाणीकरण र बजारीकरण प्रणालीको अपर्याप्त विकास प्रमुख चुनौतीका रूपमा रहेका छन्। यी चुनौतीहरूको समाधानका लागि प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित निकाय बीच समन्वय गरी प्राविधिक सहयोग, कृषक क्षमता अभिवृद्धि, मूल्य शृङ्खला विकास तथा बजार व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ।

समग्रमा, बाजुरा जिल्लाका अध्ययन गरिएका स्थानीय तहहरू न्यून रासायनिक इनपुट, समृद्ध कृषि जैविक विविधता, रैथाने बालीहरूको संरक्षण, कृषि–पशुपालनको एकीकृत प्रणाली तथा स्वच्छ प्राकृतिक वातावरणका कारण प्राङ्गारिक कृषि विकासका लागि अत्यन्त उपयुक्त क्षेत्रका रूपमा देखिएका छन्। विशेषगरी कोदो, चिनो, कागुनो, फापर, जौ, सिमी तथा स्थानीय धान जस्ता परम्परागत बालीहरूको प्राङ्गारिक उत्पादन, ब्रान्डिङ र बजार प्रवर्द्धनमार्फत कृषकको आय वृद्धि तथा स्थानीय अर्थतन्त्र सुदृढ गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

११.२ अछाम जिल्ला

११.२.१ रामारोशन गाउँपालिका

रामारोशन गाउँपालिका सुदूरपश्चिम प्रदेशको अछाम जिल्ला अन्तर्गत पर्ने एक ग्रामीण पालिका हो। रामारोशन गाउँपालिकाको कुल क्षेत्रफल १७३.३३ वर्ग किलोमिटर रहेको छ र यो ७ वटा वडामा विभाजित छ। राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल जनसंख्या २३,६०० रहेको छ।भौगोलिक रूपमा यो गाउँपालिका महाभारत पर्वत शृङ्खलाको रमणीय उच्च पहाडी क्षेत्रमा अवस्थित छ। यहाँ रहेको रामारोशन क्षेत्र आफ्ना १२ वटा ताल, १८ वटा विशाल पाटन (घाँसे मैदान) तथा मनोरम प्राकृतिक दृश्यका कारण सुदूरपश्चिमकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित छ। कृषि, पशुपालन, पर्यटन तथा वनजन्य स्रोत यहाँका प्रमुख आर्थिक आधार हुन्।



प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार रामारोशन गाउँपालिकाका वडा नं ५ का अल्लेडी, दलेना, आडेखांद, सटेगडा क्षेत्रहरुलाई प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा प्रस्ताव गरिएको छ। यस क्षेत्रमा रैथाने/स्थानीय जातका आलु, मकै, सिमी, भटमास, धान, गहुँ, जौ, कोदोलाई बिना रासायनिक मल, रासायनिक विषादी र अन्य रसायन जन्य पदार्थ प्रयोग नगरी उत्पादन हुँदै आईरहेकोमा यी बालीहरुको प्राङ्गारिक तवरबाट उत्पादन गर्न सकिने देखिएको छ ।

रामारोशन गाउँपालिकाका वडा नं ५ मा मात्र सिमी, सोईटा र भटमास ३०००-४५०० क्विन्टल, जुम्ली मार्सि ५००-१००० क्विन्टल, स्थानीय आलु ५०००-८००० क्विन्टल, कोदो १२००-१५०० क्विन्टल, खाधान्न बाली (मकै, धान, गहुँ, जौ, कोदो आदि) २०००-३००० क्विन्टल, तरकारी बाली ३०००-५००० क्विन्टल हुने गरेको र सुन्दर रामारोशन क्षेत्रले पर्या-पर्यटनका निम्ति विशेष महत्व राख्दै गरेको परिप्रेक्ष्य हुनुले पनि यस क्षेत्रमा प्राङ्गारिक खेती गर्न सकिएमा त्यसले बजार पहुँचमा ठुलो महत्व राख्ने देखिन्छ ।

समग्रमा, रामारोशन गाउँपालिकामा न्यून रासायनिक इनपुट, समृद्ध कृषि जैविक विविधता, रैथाने बालीहरूको संरक्षण, कृषि–पशुपालनको एकीकृत प्रणाली तथा अनुकूल जलवायुका कारण प्राङ्गारिक कृषि विकासको उच्च सम्भावना रहेको छ। आवश्यक नीतिगत सहयोग, प्राङ्गारिक प्रमाणीकरण, ब्रान्डिङ, बजार विकास तथा मूल्य अभिवृद्धिका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा यस गाउँपालिकालाई अछाम जिल्लाको नमूना प्राङ्गारिक कृषि क्षेत्रका रूपमा विकास गर्न सकिने पर्याप्त सम्भावना रहेको देखिन्छ।

११.३ डोटी जिल्ला

११.३.१ सायल गाउँपालिका

सायल गाउँपालिका सुदूरपश्चिम प्रदेशको डोटी जिल्ला अन्तर्गत पर्ने एक ग्रामीण पालिका हो। सायल गाउँपालिकाको कुल क्षेत्रफल १२२.७२ वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या २०,४५६ रहेको छ। सायल गाउँपालिका ६ वटा वडामा विभाजित छ। भौगोलिक रूपमा यो डोटी जिल्लाको उत्तरी भागमा अवस्थित रहेको छ। यसको पूर्वमा पूर्वीचौकी गाउँपालिका र खप्तड राष्ट्रिय निकुञ्ज, पश्चिममा आदर्श गाउँपालिका, उत्तरमा बझाङ जिल्ला तथा दक्षिणमा दिपायल सिलगढी नगरपालिका रहेका छन्।

सायल गाउँपालिकाको प्रमुख आर्थिक आधार कृषि, पशुपालन तथा वनजन्य स्रोतहरू हुन्। यहाँ धान, मकै, गहुँ, कोदो, फापर, आलु, सिमी तथा विभिन्न तरकारी बालीहरूको खेती गरिन्छ। साथै गाई, भैंसी, बाख्रा तथा मौरीपालन पनि ग्रामीण जीविकोपार्जनका महत्वपूर्ण आधार हुन्।



प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार वडा नं. २ को सिर्मा, वडा नं. ३ को साप्रा बेटारा, वडा नं. ४ को भल्माराघंगोर क्षेत्रहरुलाई प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा प्रस्ताव गरिएको छ। यस क्षेत्रमा रैथाने/स्थानीय जातका आलु (सायली आलु), कोदो, लट्टे, मकै मुख्य बालीका रुपमा खेती भईरहेको छ । सायल गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस गाउँपालिकाको वडा नं. २ मा कोदो ८१ क्विन्टल, वडा नं. ३ मा स्थानीय आलु २६५० क्विन्टल, लट्टे/बेथे ४४५ क्विन्टल र कोदो १७४ क्विन्टल, र वडा नं. ४ मा स्थानीय आलु १९६५ क्विन्टल, लट्टे/बेथे २२० क्विन्टल र कोदो १५१ क्विन्टल उत्पादन वार्षिक रुपमा भईरहेको देखिएको छ । सायल गाउँपालिकामा कृषि जैविक विविधता तथा रैथाने बालीहरूको संरक्षण अझै कायम रहेको पाइन्छ। कृषि र पशुपालन एक–अर्काका परिपूरक व्यवसायका रूपमा सञ्चालन हुने भएकाले गोठेमलको प्रयोग व्यापक छ, जसले माटोको उर्वराशक्ति संरक्षण तथा वातावरणमैत्री खेती प्रणालीलाई टेवा पुऱ्याएको छ। स्थानीय स्रोतमा आधारित उत्पादन प्रणाली र न्यून रासायनिक इनपुटका कारण प्राङ्गारिक प्रमाणीकरणका लागि आवश्यक आधारहरू विद्यमान रहेका छन्।

समग्रमा, सायल गाउँपालिकामा न्यून रासायनिक इनपुट, कृषि–पशुपालनको एकीकृत प्रणाली, समृद्ध कृषि जैविक विविधता, रैथाने बालीहरूको संरक्षण र उत्पादनको उच्च सम्भावनाका कारण प्राङ्गारिक कृषि विकासको राम्रो आधार रहेको छ। आवश्यक नीतिगत सहयोग, प्राविधिक सेवा, प्राङ्गारिक प्रमाणीकरण, मूल्य शृङ्खला विकास तथा बजार व्यवस्थापनका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सकेमा यस गाउँपालिकालाई डोटी जिल्लाको नमूना प्राङ्गारिक कृषि क्षेत्रका रूपमा विकास गर्न सकिने पर्याप्त सम्भावना रहेको देखिन्छ।

११.४ बैतडी जिल्ला

११.४.१ पुचौंडी नगरपालिका

पुचौंडी नगरपालिका सुदूरपश्चिम प्रदेशको बैतडी जिल्ला अन्तर्गत पर्ने एक नगरपालिका हो। पुचौंडी नगरपालिकाको कुल क्षेत्रफल १९८.५२ वर्ग किलोमिटर रहेको छ। यो १० वटा वडामा विभाजित छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या ३८,२८१ रहेको छ।



भौगोलिक रूपमा यो नगरपालिका मध्यपहाडी क्षेत्रमा अवस्थित छ। यहाँको प्रमुख जीविकोपार्जन कृषि, पशुपालन, वैदेशिक रोजगारी तथा साना

व्यवसायमा आधारित रहेको छ। धान, मकै, गहुँ, कोदो, फापर, आलु, सिमी, राजमा, तरकारी तथा विभिन्न फलफूल यहाँका प्रमुख कृषि उत्पादन हुन्। साथै गाई, भैंसी, बाख्रा तथा मौरीपालन पनि स्थानीय आयआर्जनका महत्वपूर्ण स्रोत हुन्।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार पुर्चौंडी नगरपालिकाको वडा नं. ६ को रुसिने, धारुडी, वडा नं. ७ को काफली क्षेत्रहरुलाई प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा प्रस्ताव गरिएको छ। यस क्षेत्रमा रैथाने/स्थानीय जातका मकै, भटमास, कोदो, आलु, सिमी मुख्य बालीका रुपमा खेती भईरहेको छ ।

११.४.२ सुर्नया गाउँपालिका

सुर्नया गाउँपालिका सुदूरपश्चिम प्रदेशको बैतडी जिल्ला अन्तर्गत पर्ने एक ग्रामीण पालिका हो। सुर्नया गाउँपालिकाको कुल क्षेत्रफल २०८.९५ वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या १८,८०० (करिब) रहेको छ। गाउँपालिका ८ वटा वडामा विभाजित छ। भौगोलिक रूपमा यो मध्यपहाडी क्षेत्रमा अवस्थित छ र यहाँको भू–बनोट, वन सम्पदा तथा जलस्रोतले कृषि विकासका लागि अनुकूल वातावरण प्रदान गरेका छन्।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार पुर्चौंडी नगरपालिकाको सुर्नया गाउँपालिकाका वडा नं. ७ र ८ का सम्पूर्ण क्षेत्रहरुलाई प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा प्रस्ताव गरिएको छ। यस क्षेत्रमा आलु, मकै, भटमास, लसुनलाई प्राङ्गारिक कृषि प्रणालीसँग जोडेर व्यावसायिक रूपमा प्रवर्द्धन गर्न सकिने प्रबल सम्भावना रहेको छ।

सुर्नया गाउँपालिकाबाट प्राप्त विवरण अनुसार सुर्नया गाउँपालिकाको वडा नं. ६, ७ र ८ का खरकाधार, छिडा, दोरा र ढोलेमा मात्र लसुन ४५०० क्विन्टल र बेसार, अदुवा ४५० क्विन्टल वार्षिक रुपमा उत्पादन हुने बुझिएको छ ।

अध्ययनमा समेटिएका बैतडी जिल्लाका पुर्चौंडी नगरपालिका र सुर्नया गाउँपालिका मध्यपहाडी क्षेत्रमा अवस्थित स्थानीय तहहरू हुन्। यी क्षेत्रहरूमा कृषि तथा पशुपालन अधिकांश परिवारको मुख्य जीविकोपार्जनको आधार रहेको छ। कृषि प्रणाली मुख्यतः वर्षायाममा आधारित, परम्परागत तथा कृषि–पशुपालनको एकीकृत प्रणालीमा आधारित रहेको छ। यी स्थानीय तहहरूमा कृषि जैविक विविधता तथा रैथाने बालीहरूको संरक्षण अझै कायम रहेको छ। रासायनिक मल तथा विषादीको प्रयोग तुलनात्मक रूपमा न्यून रहेको तथा गोठेमल, कम्पोष्ट मल र अन्य जैविक स्रोतको प्रयोग व्यापक भएकाले प्राङ्गारिक कृषि विकासका लागि यी क्षेत्रहरू उपयुक्त देखिन्छन्।



समग्रमा, पुर्चौंडी नगरपालिका र सुर्नया गाउँपालिकामा न्यून रासायनिक इनपुट, समृद्ध कृषि जैविक विविधता, रैथाने बालीहरूको संरक्षण, कृषि–पशुपालनको एकीकृत प्रणाली तथा सुन्तला, बेसार, अदुवा लगायत उच्च मूल्यका कृषि उत्पादनको राम्रो सम्भावनाका कारण प्राङ्गारिक कृषि विकासका लागि अत्यन्त उपयुक्त क्षेत्र रहेको निष्कर्ष निकाल्न सकिन्छ। प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित निकायहरूले प्राङ्गारिक प्रमाणीकरण, मूल्य शृङ्खला विकास, ब्रान्डिङ, प्रशोधन तथा बजार व्यवस्थापनका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सकेमा बैतडी जिल्लालाई सुदूरपश्चिम प्रदेशको अग्रणी प्राङ्गारिक कृषि क्षेत्रका रूपमा विकास गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

११.५ बझाङ जिल्ला

११.५.१ साईपाल गाउँपालिका

साईपाल गाउँपालिका सुदूरपश्चिम प्रदेशको बझाङ जिल्ला अन्तर्गत पर्ने एक हिमाली ग्रामीण पालिका हो। साईपाल गाउँपालिकाको कुल क्षेत्रफल १,४६७.२७ वर्ग किलोमिटर रहेको छ, जुन नेपालकै सबैभन्दा ठूलो क्षेत्रफल भएका गाउँपालिकामध्ये एक हो। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या २,६२५ रहेको छ। कम जनघनत्व, दुर्गम भूगोल तथा उच्च हिमाली वातावरण यस गाउँपालिकाका प्रमुख विशेषता हुन्।



भौगोलिक रूपमा यो गाउँपालिका नेपाल–चीन (तिब्बत) सीमासँग जोडिएको उच्च हिमाली क्षेत्रमा अवस्थित छ। यहाँको प्रमुख जीविकोपार्जन कृषि, पशुपालन, जडीबुटी सङ्कलन तथा वनजन्य स्रोतमा आधारित छ। याक, चौंरी, भेडा तथा बाख्रापालन स्थानीय अर्थतन्त्रका महत्वपूर्ण आधार हुन्।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार साईपाल गाउँपालिकाका सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ । त्यस क्षेत्रमा मुख्य रुपमा आलु, सिमी, गुरास दाल, कोदो, उवा, फापर, लट्टे, चिनोलाई प्राङ्गारिक उत्पादनका रुपमा खेती गर्न सकिने देखिएको छ । यस गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस पालिकाभरी आलु १२६० क्विन्टल, सिमी ६२१ क्विन्टल, गुरास दाल ४०० क्विन्टल, कोदो २३५ क्विन्टल, उवा ७० क्विन्टल, फापर ५० क्विन्टल, लट्टे (मार्से) ४० क्विन्टल र चिनो २० क्विन्टल वार्षिक रुपमा उत्पादन हुने गरेको छ ।

११.५.२ सुर्मा गाउँपालिका

सुर्मा गाउँपालिका सुदूरपश्चिम प्रदेशको बझाङ जिल्ला अन्तर्गत पर्ने एक हिमाली ग्रामीण पालिका हो। सुर्मा गाउँपालिकाको कुल क्षेत्रफल २७०.८० वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या ११,०८२ रहेको छ। गाउँपालिका ५ वटा वडामा विभाजित छ। भौगोलिक रूपमा यो बझाङ जिल्लाको उत्तरी हिमाली क्षेत्रमा अवस्थित छ, जहाँ उच्च पहाडी भू–भाग, हिमाली जलवायु तथा समृद्ध जैविक विविधता पाइन्छ।



गाउँपालिकाको प्रमुख आर्थिक आधार कृषि, पशुपालन, जडीबुटी सङ्कलन तथा वनजन्य स्रोतमा आधारित रहेको

छ। यहाँ आलु, फापर, जौ, उवा, सिमी, राजमा तथा अन्य चिसो हावापानीमा उत्पादन हुने बालीहरूको खेती गरिन्छ। साथै भेडा, बाख्रा, चौंरी तथा अन्य पशुपालन ग्रामीण जीविकोपार्जनका प्रमुख आधार हुन्। सुर्मा सरोवर तथा सुर्मादेवी धार्मिक एवं प्राकृतिक दृष्टिले पनि यस क्षेत्रका महत्वपूर्ण सम्पदा हुन्।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार सुर्मा गाउँपालिकाका वडा नं. ४ र ५ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ। स्थलगत अध्ययन तथा स्थानीय तहबाट प्राप्त विवरणअनुसार त्यस क्षेत्रमा मुख्य रुपमा आलु, जौ, उवा, चोतो प्राङ्गारिक उत्पादनका रुपमा खेती गर्न सकिने देखिएको छ ।

११.५.३ तलकोट गाउँपालिका

तलकोट गाउँपालिका सुदूरपश्चिम प्रदेशको बझाङ जिल्ला अन्तर्गत पर्ने एक ग्रामीण पालिका हो। तलकोट गाउँपालिकाको कुल क्षेत्रफल ३३५.२६ वर्ग किलोमिटर रहेको छ। यो ७ वटा वडामा विभाजित छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या ११,७१९ रहेको छ। भौगोलिक रूपमा यो मध्यपहाडी तथा उच्च पहाडी भूभागमा अवस्थित छ, जहाँ कृषि, पशुपालन तथा वनजन्य स्रोत स्थानीय जीविकोपार्जनका प्रमुख आधार हुन्।



गाउँपालिकामा धान, मकै, गहुँ, कोदो, फापर, आलु, सिमी, राजमा तथा विभिन्न मौसमी तरकारीहरूको खेती गरिन्छ। साथै गाई, भैंसी, बाख्रा तथा भेडापालन पनि स्थानीय आयआर्जनका महत्वपूर्ण स्रोत हुन्। विविध जलवायु, वन सम्पदा र जलस्रोतले कृषि उत्पादनका लागि अनुकूल वातावरण सिर्जना गरेका छन्।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार यस स्थानीय तहको वडा नं. ३, ४, ६ र ७ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ । स्थलगत अध्ययन तथा स्थानीय तहबाट प्राप्त विवरणअनुसार त्यस क्षेत्रमा मुख्यतः सिमी, गुरास दाल, मास, कोदो, आलु, कागुनो, भटमासलाई प्राङ्गारिक रुपमा खेती गर्न सकिने देखिन्छ । तलकोट गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस पालिकाको वडा नं. ३ मा कोदो ६०० क्विन्टल, मास ६०० क्विन्टल, वडा नं. ४ मा कोदो १००० क्विन्टल, गुरास दाल ४०० क्विन्टल, भटमास ४०० क्विन्टल र आलु १५०० क्विन्टल, वडा नं. ६ मा कोदो ७०० क्विन्टल, कागुनो १०० क्विन्टल र आलु १५०० क्विन्टल र वडा नं. ७ मा कोदो ९०० क्विन्टल, गुरास दाल ३०० क्विन्टल र आलु २००० क्विन्टल वार्षिक रुपमा उत्पादन हुने गरेको छ ।

११.५.४ मष्टा गाउँपालिका

मष्टा गाउँपालिका सुदूरपश्चिम प्रदेशको बझाङ जिल्ला अन्तर्गत पर्ने एक ग्रामीण पालिका हो। गाउँपालिका समुद्री सतहबाट करिब १,२०० मिटरदेखि २,५०० मिटर सम्मको उचाइमा फैलिएको छ। मष्टा गाउँपालिकाको कुल क्षेत्रफल १०९.२४ वर्ग किलोमिटर रहेको छ र यो ७ वटा वडामा विभाजित छ। भौगोलिक रूपमा यो बझाङ जिल्लाको पूर्वी भागमा अवस्थित छ र जिल्ला सदरमुकामसँग सडक सञ्जालमार्फत तुलनात्मक रूपमा राम्रो पहुँच भएको गाउँपालिकामध्ये एक मानिन्छ।

गाउँपालिकाको प्रमुख आर्थिक आधार कृषि, पशुपालन तथा वनजन्य स्रोत हुन्। प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार मष्टा गाउँपालिकाको वडा नं. ६ र ७ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ । स्थलगत अध्ययन तथा स्थानीय तहबाट प्राप्त विवरणअनुसार त्यस क्षेत्रमा मुख्यतः कोदो, जौ लाई प्राङ्गारिक रुपमा खेती गर्न सकिने देखिन्छ ।



मष्टा गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस गाउँपालिकाको वडा नं. ७ मा १७०० क्विन्टल जौ, १५० क्विन्टल सिमी, वडा नं. ३ मा कोदो ५२० क्विन्टल, खरसे धान ५५० क्विन्टल, वडा नं. २ मा गुरास दाल ३५० क्विन्टल र मार्से/लट्टे १५० क्विन्टल र वडा नं. १ मा कोदो १५०० क्विन्टल र आलु १३०० क्विन्टल उत्पादन हुने गरेको पाईएकाले पनि यस क्षेत्रहरुमा प्राङ्गारिक खेतीको सम्भावना तथा भविष्यमा थप क्षेत्र विस्तारका निम्ति उपयुक्त देखिएको छ ।

११.५.५ बुङ्गल नगरपालिका

बुङ्गल नगरपालिका सुदूरपश्चिम प्रदेशको बझाङ जिल्ला अन्तर्गत पर्ने एक नगरपालिका हो। यो बझाङ जिल्लाका दुई नगरपालिकामध्ये एक हो। बुङ्गल नगरपालिकाको कुल क्षेत्रफल ४४७.५९ वर्ग किलोमिटर रहेको छ र यो ११ वटा वडामा विभाजित छ। भौगोलिक रूपमा यसको पूर्वमा सुर्मा गाउँपालिका र केदारस्युँ गाउँपालिका, पश्चिममा बैतडी जिल्लाको पुर्चौडी नगरपालिका, उत्तरमा दार्चुला जिल्लाको मार्मा गाउँपालिका तथा दक्षिणमा बित्थडचिर गाउँपालिका रहेका छन्।

नगरपालिकाको प्रमुख आर्थिक आधार कृषि, पशुपालन, वनजन्य स्रोत तथा वैदेशिक रोजगारी हुन्। यहाँ धान, मकै, गहुँ, कोदो, फापर, आलु, सिमी, राजमा तथा विभिन्न तरकारी बालीहरूको उत्पादन गरिन्छ। साथै गाई, भैंसी तथा बाख्रा पालन स्थानीय आयआर्जनका महत्वपूर्ण आधार हुन्।



प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार बुङ्गल नगरपालिकाको वडा नं. १, २ र ३ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ । स्थलगत अध्ययन तथा स्थानीय

तहबाट प्राप्त विवरणअनुसार त्यस क्षेत्रमा मुख्यतः आलु, कोदो, सिमी, मकै बालीलाई प्राङ्गारिक रुपमा खेती गर्न सकिने देखिन्छ । बुङ्गल नगरपालिकाको कार्यालयबाट प्राप्त जानकारीका अनुसार यस नगरपालिकाको वडा नं. १ मा सिमी १००० क्विन्टल, आलु १२०० क्विन्टल र मकै १००० क्विन्टल, वडा नं. २ मा सिमी ८०० क्विन्टल, आलु १२०० क्विन्टल र मकै १००० क्विन्टल, र वडा नं. ३ मा कोदो ५०० क्विन्टल र मकै १००० क्विन्टल वार्षिक रुपमा उत्पादन हुने गरेको देखिएको छ ।

बझाङ जिल्लाबाट सिफारिस गरिएका स्थानीय तहका विभिन्न क्षेत्रहरुमा रासायनिक मल तथा विषादीको प्रयोग अत्यन्त न्यून रहेको पाइयो। अधिकांश कृषकहरूले गोठेमल, कम्पोष्ट मल तथा अन्य जैविक स्रोतमा आधारित खेती प्रणाली अपनाएका छन्। कृषि र पशुपालन एक–अर्काका परिपूरक भएकाले जैविक मलको सहज उपलब्धता रहेको छ, जसले माटोको उर्वराशक्ति संरक्षण तथा दिगो कृषि प्रणालीलाई टेवा पुर्‍याएको छ। साथै रैथाने बाली तथा स्थानीय बीउहरूको संरक्षण अझै कायम रहेकाले कृषि जैविक विविधताको अवस्था राम्रो रहेको देखिएको छ।

समग्रमा, बझाङ जिल्लाका अध्ययन गरिएका स्थानीय तहहरू न्यून रासायनिक इनपुट, समृद्ध कृषि जैविक विविधता, रैथाने बालीहरूको संरक्षण, स्वच्छ प्राकृतिक वातावरण तथा कृषि–पशुपालनको एकीकृत प्रणालीका कारण प्राङ्गारिक कृषि विकासका लागि अत्यन्त उपयुक्त क्षेत्रका रूपमा देखिएका छन्। विशेषगरी कोदो, फापर, जौ, आलु, राजमा, सिमी, चिनो, कागुनो, लट्टे, फापर, उवा, चोतो जस्ता बालीलाई प्राङ्गारिक उत्पादनका रूपमा ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्न सकेमा कृषकको आय अभिवृद्धि, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ।

११.६ दार्चुला जिल्ला

११.६.१ मालिकार्जुन गाउँपालिका

दार्चुला जिल्लामा पर्ने मालिकार्जुन गाउँपालिका एक ऐतिहासिक, राजनैतिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण गाउँपालिका हो । यस मालिकार्जुन गाउँपालिकाको पुर्वमा शैल्यशिखर नगरपालिका, पश्चिममा महाकाली नदी (भारत सिमाना), उत्तरमा महाकाली नगरपालिका र दक्षिणमा लेकम गाउँपालिका र केही भाग शैल्यशिखर नगरपालिकाको रहेको छ । यस मालिकार्जुन गाउँपालिकामा खोलानाला, वनजंगलहरु, ,जडीबुटी, वन पैदावर, कृषि, पशुपालन, नगदेबाली लगायतका थुप्रै सम्भावना रहेका छन्।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार मालिकार्जुन गाउँपालिकाको वडा नं. २, ३, ४ र ८ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ । स्थलगत अध्ययन तथा स्थानीय तहबाट प्राप्त विवरण अनुसार त्यस क्षेत्रमा मुख्यतः मकै, कफी, अदुवा तथा बेसारलाई प्राङ्गारिक उत्पादनका लागि उपयुक्त बालीका रूपमा पहिचान गरिएको छ।

११.६.२ मार्मा गाउँपालिका

यो गाउँपालिका दार्चुला जिल्लाको दक्षिण पुर्वी भागमा अवस्थित छ । यस मार्मा गाउँपालिकाको पूर्वमा बझाङ्ग जिल्ला , पश्चिममा दार्चुलाको नौगाड गाउँपालिका तथा शैल्यशिखर नगरपालिका, उत्तरमा अपिहिमाल गाउँपालिका र दक्षिणमा बैतडीको डिलाशैनी गाउँपालिका तथा बझाङ्गको बुङ्गल नगरपालिका रहेका छन। यस मार्मा गाउँपालिकाको क्षेत्रफल २०८.०६ वर्ग कि.मि. रहेको छ । यस मार्मा गाउँपालिकाको बनावट भिरालो जमिन, समथर जमिन, उच्चा डाँडाहरु तथा विभिन्न पानीका मुहानहरु पनि रहेका छन । जस्तै चौलानी नदी, पारीबगरमा नौगाड खोला, घट्टेगाड खोला, तपोबन मर्मतीमा मेलेगाड खोला, शेरीमा रहेको कचुलीगाड खोला, च्युरानीको दोगाडा खोला, आदि पानीका श्रोतहरु रहेका छन । भोगौलिक हिसाबले विकट रहे पनि यो मार्मा गाउँपालिका प्राकृतिक रुपमा एकदमै सुन्दर र रमणीय ठाउँ रहेको छ ।



प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार मार्मा गाउँपालिकाको वडा नं. १ र ५ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ । स्थलगत अध्ययन तथा स्थानीय तहबाट प्राप्त विवरणअनुसार त्यस क्षेत्रमा मुख्यतः आलु, कोदो, सिमी, महलाई प्राङ्गारिक उत्पादनका लागि उपयुक्त बालीका रूपमा पहिचान गरिएको छ।

११.६.३ नौगाड गाउँपालिका

नौगाड गाउँपालिका सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा अवस्थित छ। १८०.२७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको कुल जनसंख्या १५,५२८ (२०७८ को जनगणना) रहेको छ । नौगाड गाउँपालिका पूर्वमा मार्मा र अपिहिमाल गाउँपालिका, पश्चिममा महाकाली नगरपालिका र दुहूँ गाउँपालिका, उत्तरमा दुहूँ र व्याँस गाउँपालिका, र दक्षिणमा शैल्य शिखर नगरपालिकासंग सिमाना जोडिएको छ । यस गाउँपालिकाको भूगोल पहाडी र हिमाली क्षेत्रमा फैलिएको छ, जहाँ उचाइ ९०० मिटरदेखि ३,१०० मिटरसम्म छ। यहाँको जलवायु समशीतोष्ण छ, वार्षिक औसत तापक्रम १२४.°C र वार्षिक वर्षा करिब २,१२९ मि.मी. छ र मुख्यतः मनसुन मौसममा बढी बर्षा हुने गर्दछ ।



प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार नौगाड गाउँपालिकाको वडा नं. १, २, ३, ४, ५ र ६ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ । स्थलगत अध्ययन तथा स्थानीय तहबाट प्राप्त विवरणअनुसार त्यस क्षेत्रमा मुख्यतः राजमा, सिमी, कोदो, आलु, तरकारीलाई प्राङ्गारिक उत्पादनका लागि उपयुक्त बालीका रूपमा पहिचान गरिएको छ।

११.६.४ ब्यास गाउँपालिका

ब्यास गाउँपालिका दार्चुला जिल्लाको ग्रामिण हिमालि भेगमा पर्ने गाउँपालिका हो । यस गाउँपालिकाको क्षेत्रफल ८३९.२६ वर्गकिलोमिटर रहेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको २०७८ को जनगणनाको नतिजा अनुसार ब्याँस गाउँपालिकाको कुल जनसँख्या ९,६६८ र जम्मा घरधुरी संख्या २,१४३ रहेको छ । यस गाउँपालिकाको पूर्वतिर बझाङ, पश्चिमतिर भारत, उतरतिर चीन, र दक्षिणतिर दुहुँ, अपिहिमाल र नौगाड गाउँपालिकाहरुको सिमाना जोडिएको छ ।



प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार व्यास गाउँपालिकाको वडा नं. १, २ र ३ का सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने देखिएको छ । यस अध्ययनको नतिजाबाट त्यस क्षेत्रमा मुख्यतः राजमा, फापर, उवा र आलुको प्राङ्गारिक उत्पादनका लागि उपयुक्त बालीका रूपमा सिफारिस गरिएको छ।

ब्यास गाउँपालिकाको कार्यालयबाट प्राप्त जानकारीका अनुसार यस नगरपालिकाको वडा नं. १ मा फापर ५० क्विन्टल, उवा ५०-६० क्विन्टल र राजमा २० क्विन्टल, वडा नं. २ मा राजमा ८०-९० क्विन्टल, र वडा नं. ३ मा आलु १०००-१५०० क्विन्टल वार्षिक रुपमा उत्पादन हुने गरेको पाईएको छ ।

११.६.५ अपिहिमाल गाउँपालिका

अपि हिमालको काखमा रहेको अपिहिमाल गाउँपालिका समुन्द्री सतहबाट करीब १७०० मि. को उचाई देखि ७१३२ मिटरसम्मको उचाई भएको भु-भागसम्म फैलिएको छ । नेपालको कुल भु- भागको ६१३.९५ वर्ग कि.मि. क्षेत्रफल ओगटेको यस पालिकाको पुर्बमा जिल्ला, पश्चिममा ब्याँस र नौगाड गाऊंपालिका, उत्तरमा ब्याँस गाऊंपालिका र दक्षिणमा मार्मा गाउँपालिकासँग सीमाना जोडिएको छ ।

प्राङ्गारिक जोनिङका लागि गरिएको मूल्याङ्कन प्रणाली अनुसार अपिहिमाल गाउँपालिकाको सम्पूर्ण क्षेत्रहरुलाई नै प्राङ्गारिक खेती प्रणालीका निम्ति अत्यन्त उपयुक्त क्षेत्रका रुपमा विकास गर्न सकिने सिफारिस गरीएको छ । यस अध्ययनको नतिजाबाट त्यस क्षेत्रमा मुख्यतः आलु, राजमा, फापर, चिनो, कागुनो, गहुँ, मकै, जौ तथा स्याऊको प्राङ्गारिक उत्पादनका लागि उपयुक्त बाली/बस्तु का रूपमा सिफारिस गरिएको छ।

अपिहिमाल गाउँपालिकाको कृषि विकास शाखाबाट प्राप्त विवरण अनुसार यस गाउँपालिकामा जौ १६३० क्विन्टल, मकै १३५० क्विन्टल, आलु ९०० क्विन्टल, गहुँ ८७८ क्विन्टल, राजमा ३८५ क्विन्टल, फापर-चिनो-कागुनो १५७ क्विन्टल, र स्याऊ ३८० क्विन्टल वार्षिक रुपमा उत्पादन भईरहेको देखिएको छ ।



यसरी दार्चुला जिल्लाका अध्ययनमा समेटिएका मालिकार्जुन गाउँपालिका, मार्मा गाउँपालिका, नौगाड गाउँपालिका, व्यास गाउँपालिका तथा

अपिहिमाल गाउँपालिका उच्च पहाडी तथा हिमाली क्षेत्रमा अवस्थित स्थानीय तहहरू हुन्। यहाँको कृषि प्रणाली मुख्यतः परम्परागत, वर्षामा आधारित तथा कृषि–पशुपालनको एकीकृत अभ्यासमा आधारित रहेको छ। अधिकांश कृषकले गोठेमल, कम्पोष्ट मल तथा स्थानीय स्रोतमा आधारित जैविक मलको प्रयोग गर्ने गरेका छन् भने रासायनिक मल तथा विषादीको प्रयोग अत्यन्त न्यून रहेको पाइन्छ।

यी स्थानीय तहहरूमा समृद्ध जैविक विविधता, स्वच्छ प्राकृतिक वातावरण, न्यून रासायनिक इनपुट, रैथाने बालीहरूको संरक्षण तथा कृषि–पशुपालनको एकीकृत प्रणाली विद्यमान रहेकाले यी क्षेत्रहरूलाई प्राङ्गारिक कृषि विकासका लागि उपयुक्त आधार प्रदान गरेको छ। विशेष गरी आलु, राजमा, सिमी, कोदो, अदुवा, बेसार, मह तथा उच्च मूल्यका हिमाली कृषि उत्पादनलाई प्राङ्गारिक प्रमाणीकरण, ब्रान्डिङ तथा मूल्य शृङ्खलासँग जोड्न सकेमा यस क्षेत्रका कृषकको आय अभिवृद्धि तथा स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुग्न सक्ने देखिन्छ।

यद्यपि दुर्गम भौगोलिक अवस्था, सीमित सडक पहुँच, सिँचाइ पूर्वाधारको कमी, उत्पादन सङ्कलन तथा प्रशोधन केन्द्रको अभाव, प्राविधिक सेवाको सीमित पहुँच तथा प्राङ्गारिक उत्पादनको प्रमाणीकरण र बजारीकरण प्रणालीको अपर्याप्त विकास यस क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेका छन्। तसर्थ, प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित निकायबीच समन्वय गरी प्राविधिक सहयोग, प्राङ्गारिक प्रमाणीकरण, ब्रान्डिङ, बजार व्यवस्थापन तथा मूल्य शृङ्खला विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ।

१२. निष्कर्ष, सिफारिस, सुदूरपश्चिम प्रदेशको प्राङ्गारिक कृषिको मार्ग चित्र र कार्य योजना

१२.१ निष्कर्ष

यस अध्ययनबाट सुदूरपश्चिम प्रदेशका अध्ययन गरिएका स्थानीय तहहरूमा प्राङ्गारिक कृषि विकासका लागि पर्याप्त सम्भावना रहेको निष्कर्ष प्राप्त भएको छ। कम रासायनिक इनपुटमा आधारित कृषि प्रणाली, अनुकूल जलवायु, जैविक विविधताको समृद्ध अवस्था, रैथाने बालीको संरक्षण तथा कृषकहरूको परम्परागत कृषि अभ्यासले प्राङ्गारिक कृषि प्रवर्द्धनका लागि बलियो आधार प्रदान गरेका छन्। भौगोलिक, कृषि, सामाजिक तथा वातावरणीय पक्षहरूको समग्र विश्लेषणका आधारमा विभिन्न स्थानीय तहमा प्राङ्गारिक कृषि क्षेत्र निर्धारण गर्न सकिने देखिएको छ।

यद्यपि प्राङ्गारिक कृषि विकासलाई दीगो र प्रभावकारी बनाउन स्पष्ट नीतिगत व्यवस्था, प्राविधिक सहयोग, प्रमाणीकरण प्रणाली, बजार व्यवस्थापन, उत्पादन सङ्कलन, प्रशोधन तथा मूल्य शृङ्खलाको विकासमा विशेष ध्यान दिन आवश्यक देखिन्छ। प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, सहकारी संस्था तथा कृषकबीच प्रभावकारी समन्वय कायम गरी कार्यक्रम सञ्चालन गर्न सकेमा सुदूरपश्चिम प्रदेशलाई नेपालको अग्रणी प्राङ्गारिक कृषि क्षेत्रका रूपमा विकास गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

१२.२ सिफारिस

- प्रदेशस्तरमा प्राङ्गारिक कृषि नीति, मापदण्ड तथा कार्यान्वयन कार्यविधि तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।
- अध्ययनबाट पहिचान भएका उच्च सम्भावना भएका क्षेत्रलाई प्राथमिकतामा राखि चरणबद्ध रूपमा प्राङ्गारिक कृषि क्षेत्र घोषणा तथा विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- रैथाने बाली, कृषि जैविक विविधता तथा स्थानीय बीउ संरक्षणलाई प्राङ्गारिक कृषि विकास कार्यक्रमसँग एकीकृत गरी प्रवर्द्धन गर्नुपर्ने।
- कृषक, प्राविधिक तथा स्थानीय तहका जनप्रतिनिधिहरूका लागि प्राङ्गारिक कृषि सम्बन्धी क्षमता अभिवृद्धि, तालिम तथा प्राविधिक परामर्श कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- प्राङ्गारिक उत्पादनको प्रमाणीकरण, गुणस्तर सुनिश्चितता, ब्रान्डिङ, प्याकेजिङ तथा बजार व्यवस्थापनलाई प्राथमिकता दिई मूल्य शृङ्खलाको विकास गर्नुपर्ने।
- प्राङ्गारिक मल, जैविक विषादी तथा अन्य जैविक कृषि सामग्रीको स्थानीय उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने।

- प्राङ्गारिक कृषि क्षेत्रको नियमित अनुगमन, तथ्याङ्क अद्यावधिक तथा GIS-आधारित अभिलेख व्यवस्थापन प्रणाली विकास गर्नुपर्ने।
- प्राङ्गारिक कृषि, कृषि पर्यटन, मौरीपालन, औषधीय तथा सुगन्धित वनस्पति, फलफूल तथा उच्च मूल्यका बालीहरूलाई एकीकृत गरी स्थानीय आयआर्जन र रोजगारी अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालय, अनुसन्धान संस्था, सहकारी तथा निजी क्षेत्र बीच समन्वय र साझेदारीलाई संस्थागत गर्दै दीर्घकालीन प्राङ्गारिक कृषि विकास कार्यक्रम कार्यान्वयन गर्नुपर्ने।
- प्राङ्गारिक कृषि विकासलाई जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण तथा दिगो कृषि विकासका प्रादेशिक रणनीतिसँग एकीकृत गरी कार्यान्वयन गर्नुपर्ने।
- हिमाली तथा उच्च पहाडी क्षेत्र बाहेक अन्य पहाडी र तराई क्षेत्रमा समेत रासायनिक विषादी प्रयोग नगरिएका क्षेत्र, प्राङ्गारिक रुपान्तरण क्षेत्र र परम्परागत कृषि क्षेत्रमा वर्गीकरण गरी प्रमाणीकरण गर्ने ।

१२.३ सुदूरपश्चिम प्रदेशको प्राङ्गारिक कृषि मार्ग चित्र

१. आधारभूत सर्वेक्षण र डाटाबेस निर्माण (Baseline Survey and Database):

कुनै पनि ठोस काम सुरु गर्नुअघि वास्तविक अवस्था पत्ता लगाउन सुरुवाती चरणमा तथ्याङ्क संकलन गरिन्छ । तसर्थ, सुदूरपश्चिम प्रदेशको प्राङ्गारिक क्षेत्र निर्धारण गर्न सम्भावित स्थानीयतहहरुको सर्वेक्षण, रैथाने तथा स्थानीय बीउको उपलब्धता, एग्रोभेट तथा प्राङ्गारिक मल बिक्रेता र उत्पादित प्राङ्गारिक उपजहरु ब्रिक्री वितरण तथा बजारीकरण सम्बन्धी सर्वेक्षण तथा तथ्यांक संकलन गर्नु पर्छ । साथै माटोको डिजिटल नक्साङ्कन गर्न माटो परिक्षण गरी कहाँ कति रासायनिक अवशेष छ र कहाँको माटो प्राकृतिक रूपमै स्वच्छ छ भनी वर्गीकरण गर्ने।

२. किसान र क्षेत्र पहिचानः

परम्परागत रूपमै रासायनिक मल प्रयोग नगरेका (विशेष गरी दुर्गम पहाडी र हिमाली) किसान र भूगोलको सूचीकरण गर्ने तथा प्राङ्गारिक उन्मुख वा जान खोजेका अन्य स्थानहरुको पहिचान गरिनु पर्छ । क्षेत्र निर्धारण गर्दा भविष्यमा पूर्ण प्राङ्गारिक लक्ष्य सहित देहायका क्षेत्रमा वर्गीकरण गर्ने :

- प्राङ्गारिक उत्पादन क्षेत्र (Organic Certified Area)
- प्राङ्गारिक रुपान्तरण उन्मुख क्षेत्र (Organic In-Conversion Area)
- रासायनिक विषादी प्रयोग नगरिएको क्षेत्र (Chemical Pesticide Free Area)
- परम्परागत कृषि क्षेत्र (Traditional Agriculture Area)

३. पाइलट प्रोजेक्ट र क्लष्टर घोषणा

सुरुमै सिंगो प्रदेशलाई प्राङ्गारिक बनाउन असम्भव हुने भएकाले निश्चित क्षेत्रबाट सुरुवात गर्न नमुना गाउँ (Model Village) प्रत्येक जिल्लामा कम्तीमा २– ३ वटा गाउँ वा स्थानीय तहलाई नमुना प्राङ्गारिक कृषि गाउँ घोषणा गरी पाइलट प्रोजेक्ट सुरु गर्ने। उक्त क्षेत्रहरुमा सुरुवाती चरणमा रैथाने बाली प्राथमिकता दिने ।

४. रासायनिक मल र विषादीको क्रमशः न्यूनिकरण

कोटा र नियमनः पकेट क्षेत्र घोषणा गरिएका क्षेत्रहरमा एग्रोभेटहरूमा रासायनिक विषादी र मलको बिक्रीमा कोटा तोक्ने वा प्रतिबन्ध लगाउने।

विकल्पको व्यवस्थाः रासायनिक मल घटाउँदै गर्दा किसानलाई जैविक मल (गड्यौले मल, कम्पोस्ट) र झोलमोल बनाउने प्रविधि र सामग्री तत्काल उपलब्ध गराउने ताकि उत्पादनमा ठुलो ह्रास नआओस ।

५. प्रमाणीकरण र अनुदान तथा राहत

प्रमाणीकरणको जगः संस्थागत रूपमा झन्झटिलो तेस्रो पक्ष प्रमाणीकरण नगरेर सुरुवाती चरणमा किसान समूहहरू आफैं आवद्ध हुने Participatory Guarantee System (PGS) लागू गर्ने। PGS लाई स्थानीय तह र ज्ञान केन्द्र मार्फत कानूनी मान्यता दिई निःशुल्क वा सहुलियतमा प्रमाणीकरण गर्ने ।

कृषि उपजको प्रमाणीकरण वर्गहरु : उत्पादित कृषि उपजहरुलाई निम्न चार स्तरमा वर्गीकरण गर्ने

- प्राङ्गारिक उत्पादन (Organic Certified Product)
- प्राङ्गारिक रुपान्तरण उन्मुख उत्पादन (Organic In-Conversion Product)
- रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन (Chemical Pesticide Free Product)
- परम्परागत कृषि उत्पादन (Traditional Agriculture Product)

उत्पादनमा आधारित अनुदान : क्षेत्रफल वा उत्पादनको आधारमा प्राङ्गारिक किसानलाई सिधै बैंक खातामा प्रोत्साहन रकम पठाउने व्यवस्था गर्ने ।

बीमा र राहत : प्राङ्गारिक खेती गर्दा सुरुका वर्षा उत्पादन घटेमा किसानलाई राहत वा क्षतिपूर्तिको व्यवस्था गर्ने ।

६. न्यूनतम बजार पूर्वाधार र पहिचान सहितको बजारीकरण

प्रारम्भिक बजारः उत्पादित सिमित प्राङ्गारिक उपजहरूलाई बजार दिन धनगढी वा महेन्द्रनगर जस्ता मुख्य सहरमा साना "अर्गानिक कर्नर" वा संकलन केन्द्र स्थापना गर्ने।

बजार सूचना प्रणाली (Market Information System) :

किसानहरू दलाल वा बिचौलियाबाट ठगिने समस्या रोक्न सूचना प्रविधिको प्रयोग गर्ने। मोबाइल एप वा एसएमएस मार्फत कुन बजारमा प्राङ्गारिक उत्पादनको मूल्य कति छ भन्ने बजार सूचना (Market Intelligence) किसानसम्म पुऱ्याउने।

सुदूरपश्चिम अर्गानिक (Sudurpashchim Organic) पहिचान: प्रदेशभित्रका विशिष्ट प्राङ्गारिक उत्पादनहरूलाई एउटै छाता ब्रान्ड (umbrella brand) अन्तर्गत बजारमा लैजाने। जस्तै: बाजुराको रैथाने सिमी, दार्चुलाको ओखर र मह, बैतडीको मह र ओखर वा डोटीको जोरायल बासमति, काडामाण्डौं धान, अदुवा, जस्ता भौगोलिक पहिचान (Geographical Indication- GI) लाई स्थापित गर्ने।

Eco-Friendly Packaging : प्लाष्टिकको विकल्पमा स्थानीय स्तरमै उपलब्ध अल्लो, लोक्ता (नेपाली कागज), वा जुटको झोला प्रयोग गरी पर्यावरणमैत्री प्याकेजिङ गर्ने। प्याकेटमा उत्पादनको उत्पत्ति (Origin), कृषक समूहको विवरण र प्रमाणीकरणको लोगो अनिवार्य राख्ने।

डिजिटल ट्रेसिबिलिटी (Digital Traceability/QR Code) : आधुनिक प्रविधिको प्रयोग गरी प्याकेजिङमा QR कोड राख्ने व्यवस्था मिलाउने। उपभोक्ताले मोबाइलबाट स्क्यान गर्नासाथ उक्त उत्पादन सुदूरपश्चिमको कुन जिल्ला, कुन गाउँ र कुन किसानले उत्पादन गरेको हो भन्ने कुराको डिजिटल नालीबेली (traceablility) हेर्न सकिने व्यवस्था मिलाउने ।

मूल्य श्रृखला विकास (Value Chain Development) :

कच्चा पदार्थ मात्र बेच्नुको सट्टा त्यसलाई प्रशोधन (Processing) गरेर बेच्ने। जस्तै: कोदोको पीठो, ब्रान्डेड प्याकेटको रैथाने सिमी, अदुवाको सुठो वा क्यान्डी, र जडीबुटीको तेल बनाई बजारमा पठाउँदा बढी नाफा कमाउन सकिन्छ। यसका लागि साना तथा मझौला उद्योग (SMEs) सँग साझेदारी गर्ने।

विशिष्टीकृत अर्गानिक हाटबजार र आउटलेट :

अर्गानिक हाटबजार : धनगढी, महेन्द्रनगर जस्ता ठूला शहरी क्षेत्रहरूमा हप्ताको निश्चित दिन वा स्थायी रूपमा अर्गानिक हाटबजारू सञ्चालन गर्ने।

विशेष स्टोर : प्रमुख शहर र पर्यटकीय क्षेत्रहरूमा सुदूरपश्चिमका रैथाने र प्राङ्गारिक उत्पादनहरू मात्र पाइने सुदूरपश्चिम अर्गानिक आउटलेट खोल्न निजी क्षेत्रलाई प्रोत्साहन र कर छुट दिने ।

१२.४ सुदूरपश्चिम प्रदेशको प्राङ्गारिक कृषि कार्य योजना

सुदूरपश्चिम प्रदेशको प्राङ्गारिक कृषि कार्य योजना (बजेट सहित)

क.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	समयावधि	बजेट
१	प्राङ्गारिक क्षेत्र छनोट ▪ तथ्यांक संकलन ▪ आधारभुत सर्वेक्षण ▪ प्राङ्गारिक कृषिमा संलग्न हुने कृषक सूचीकृत ▪ क्षेत्र पहिचान तथा निर्धारण	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र स्थानीय तह	६ महिना	५० लखा
२	कृषक सूचीकरण	कृषि ज्ञान केन्द्र र स्थानीय तह	निरन्तर	१० लाख
३	क्षमता विकास (कृषक, कर्मचरी, एग्रोभेट, निजी क्षेत्र) र जनचेतना अभिवृद्धि ▪ कृषक तालिम ▪ कर्मचारीलाई प्राङ्गारिक प्रमाणीकरण तालिम ▪ एग्रोभेटलई प्राङ्गारिक कृषि समाग्री प्रयोग सम्बन्धी अभिमुखिकरण ▪ उपभोक्तामा प्राङ्गारिक कृषि उपज प्रयोग सम्बन्धी जनचेतना	कृषि ज्ञान केन्द्र र स्थानीय तह	निरन्तर	५० लाख
४	रासायनिक विषादि र मलको विकल्प व्यवस्थापन ▪ प्राङ्गारिक मल उत्पादन केन्द्रस्थापना ▪ प्राङ्गारिक उत्पादन समाग्री (मल, विषादी) मा सहुलियत ▪ उत्पादनमा आधारित अनुदान ▪ बीमा	कृषि ज्ञान केन्द्र र स्थानीय तह	२ वर्ष	५ करोड
५	PGS प्रमाणीकरण र लोगो	मन्त्रालय र कृषि ज्ञान केन्द्र	३ वर्ष	३ करोड
६	बजार विस्तार	सहकारी तथा निजी क्षेत्र	निरन्तर	२ करोड

सन्दर्भ सामग्री

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय। ।(२०८०) *राष्ट्रिय जनगणना २०७८राष्ट्रिय प्रतिवेदन :*। राष्ट्रिय तथ्याङ्क कार्यालय।

नेपाल सरकार, कृषि विकास मन्त्रालय। (२०६९)। *प्राङ्गारिक कृषि उत्पादनको सामूहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९*। नेपाल सरकार।

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय।) २०६५(। *प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४) संशोधन २०६५(*। कृषि तथा सहकारी मन्त्रालय।

सुदूरपश्चिम प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय। ।(२०८३) *आर्थिक सर्वेक्षण २०८२८३/*। आर्थिक मामिला मन्त्रालय।

Apihimal Rural Municipality. (n.d.). *Apihimal Rural Municipality*. Retrieved June 23, 2026, from https://apihimalmun.gov.np/

Badimalika Municipality. (n.d.). *Badimalika Municipality*. Retrieved June 19, 2026, from https://badimalikamun.gov.np/

Budhinanda Municipality. (n.d.). *Budhinanda Municipality*. Retrieved June 19, 2026, from https://budhinandamun.gov.np/

Bungal Municipality. (n.d.). *Bungal Municipality*. Retrieved June 23, 2026, from https://bungalmun.gov.np/

Byas Rural Municipality. (n.d.). *Byas Rural Municipality*. Retrieved June 23, 2026, from https://byasmun.gov.np/

Food and Agriculture Organization(2021). Organic agriculture. Rome:FAO.

Food and Agriculture Organization. (2017). The future of food and agriculture: Trends and Challenges. Rome: FAO.

Gaumul Rural Municipality. (n.d.). *Gaumul Rural Municipality*. Retrieved June 20, 2026, from https://gaumulmun.gov.np/

Himali Rural Municipality. (n.d.). *Himali Rural Municipality*. Retrieved June 20, 2026, from https://www.himalimun.gov.np/

Jagannath Rural Municipality. (n.d.). *Jagannath Rural Municipality*. Retrieved June 20, 2026, from https://jagannathmun.gov.np/

Malikarjun Rural Municipality. (n.d.). *Malikarjun Rural Municipality*. Retrieved June 23, 2026, from https://malikarjunmun.gov.np/

Marma Rural Municipality. (n.d.). *Marma Rural Municipality*. Retrieved June 24, 2026, from https://marmamun.gov.np/

Masta Rural Municipality. (n.d.). *Masta Rural Municipality*. Retrieved June 24, 2026, from https://mastamun.gov.np/

Ministry of Agriculture and Livestock Development (MoALD). (2025). *Statistical Information on Nepalese Agriculture, 2080/81*. Government of Nepal, Kathmandu.

Naugad Rural Municipality. (n.d.). *Naugad Rural Municipality*. Retrieved June 20, 2026, from https://naugadmun.gov.np/

Purchaudi Municipality. (n.d.). *Purchaudi Municipality*. Retrieved June 20, 2026, from https://purchaudimun.gov.np/

Ramaroshan Rural Municipality. (n.d.). *Ramaroshan Rural Municipality*. Retrieved June 23, 2026, from https://ramaroshanmun.gov.np/

Saipal Rural Municipality. (n.d.). *Saipal Rural Municipality*. Retrieved June 24, 2026, from https://saipalmun.gov.np/

Surma Rural Municipality. (n.d.). *Surma Rural Municipality*. Retrieved June 23, 2026, from https://surmamun.gov.np/

Surnaya Rural Municipality. (n.d.). *Surnaya Rural Municipality*. Retrieved June 23, 2026, from https://surnayamun.gov.np/

Swamikartik Khapar Rural Municipality. (n.d.). *Swamikartik Khapar Rural Municipality*. Retrieved June 23, 2026, from https://swamikartikmun.gov.np/

Talkot Rural Municipality. (n.d.). *Talkot Rural Municipality*. Retrieved June 23, 2026, from https://talkotmun.gov.np/

अनुसूची १

सुदूरपश्चिम प्रदेश – किसान, स्थानीय तह-कृषि प्रविधिक सर्वेक्षण प्रश्नावली

क. किसान सर्वेक्षण प्रश्नावली

आधारभूत जानकारी

- उत्तरदाताको नाम (ऐच्छिक):
- उमेरः
- लिङ्गः
- शिक्षा स्तरः
- जिल्ला / गाउँपालिका / वडाः
- घरधुरी सदस्य संख्याः

भूमि र कृषि अवस्था

- कुल खेतीयोग्य जमिन (रोपनी/हेक्टर):
- जमिनको प्रकारः (पाखो / टार / खोंच)
- सिँचाइ सुविधाः (पूरै / आंशिक / छैन)
- मुख्य बालीहरूः (जस्तैः कोदो, फापर, जौ, आलु, सिमी)
- उत्पादन मुख्यतः (आत्मनिर्भर / बजारमुखी)

कृषि अभ्यास

- के तपाईंले रासायनिक मल/विषादी प्रयोग गर्नुभएको छ? (हो/होइन)
- यदि छैन भने, कारण के हो? (उपलब्धता छैन / महँगो / आवश्यकता छैन)
- गोठ र पशुपालन छ? (छ/छैन)
- गोबर/कम्पोष्ट प्रयोग गर्नुहुन्छ?
- स्थानीय/रैथाने बीउ प्रयोग हुन्छ?
- परम्परागत खेती प्रणाली अपनाइन्छ?

प्राङ्गारिक सम्भाव्यता

- तपाईंको खेती स्वाभाविक रूपमा प्राङ्गारिक नजिक छ जस्तो लाग्छ?
- प्राङ्गारिक प्रमाणीकरणबारे जानकारी छ?
- प्राङ्गारिक खेती गर्न इच्छुक हुनुहुन्छ?
- मुख्य अवरोधहरूः
    - बजार छैन
    - तालिम छैन
    - प्रविधि अभाव
    - अन्यः ______

पहुँच र पूर्वाधार

- नजिकको सडक कति टाढा छ?
- बजार पुग्न कति समय लाग्छ?
- कृषि सेवा केन्द्र छ? (छ/छैन)
- भण्डारण सुविधा (storage) उपलब्ध छ?

बजार र आम्दानी

- उत्पादन कहाँ बेच्नुहुन्छ? (घरमै / स्थानीय हाट / जिल्ला बजार)
- मूल्य सन्तोषजनक छ?
- प्राङ्गारिक उत्पादन बेच्ने अवसर देख्नुहुन्छ?

जलवायु र जोखिम

- जलवायु परिवर्तनको असर देखुभएको छ?
- मुख्य जोखिमः
  - खडेरी
  - बाढी
  - कीरा रोग
- अनुकूलन उपाय अपनाउनुभएको छ?

समूह छलफल –

- सुदूरपश्चिममा प्राङ्गारिक खेतीको सम्भावना कस्तो छ?
- कुन क्षेत्रहरू जोनिङका लागि उपयुक्त देखिन्छन्?
- स्थानीय बाली (कोदो, फापर आदि) को बजार सम्भावना कस्तो छ?
- युवा सहभागिता कस्तो छ?
- मुख्य बाधाः यातायात, बजार, नीति, कि प्रविधि?

ख. स्थानीय सरकार – कृषि प्राविधिक सर्वेक्षण प्रश्नावली

- तपाईको स्थानीय तहमा प्राङ्गारिक कृषि प्रवर्द्धनका कार्यक्रम के-के छन्?
- "प्राङ्गारिक क्षेत्र" अवधारणामा कुनै योजना छ?
- बजेट र प्राथमिकता कस्तो छ?
- दुर्गम क्षेत्रका किसानलाई कृषि उत्पादन र बजारमा कसरी सहयोग गरिएको छ?
- यस क्षेत्रमा उत्पादन हुने रैथाने तथा अन्य बालीहरुको प्रकार, क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था कस्तो छ ?
- यस क्षेत्रमा माटो प्राङ्गारिक खेतीका लागि लागि कत्तिको उपयुक्त छन्?
- कम रासायनिक प्रयोग भएको क्षेत्रलाई प्राङ्गारिक क्षेत्र घोषणा गर्न सम्भावना देखु हुन्छ ?
- उच्च मूल्य बाली (सिमी, फापर आदि) को सम्भावना कस्तो देखु हुन्छ ?
- यस क्षेत्रमा पशुपालनको स्तर कस्तो छ ? प्राङ्गारिक खेतीका निम्ति आवश्यक मल को मात्रा पर्याप्त छ ?
- क्षेत्र अनुसार कृषकहरुको परम्परागत र आधुनिक कृषि अभ्यास कस्तो छ ?
- प्राकृतिक स्रोत एवम् साधनहरुको उपलब्धता, अवस्था र पहुँच कस्तो छ ?
- प्राङ्गारिक क्षेत्र कार्यान्वयनका जोखिमहरु के के हुन सक्छन ?

अनुसूची २

एग्रोभेट सञ्चालक सर्वेक्षण प्रश्नावलि

नामः
एग्रोभेट/व्यवसायको नाम :
ठेगानाः
सम्पर्क नं.
स्थापना मितिः
तालीम/ शिक्षा आदिको विवरणः

१. तपाई ले एग्रोभेटबाट कस्ता सेवाहरु प्रदान गर्नु हुन्छ ?

२. कुन-कुन क्षेत्रका किसानहरु एग्रोभेटका बस्तु/सेवा खरीदका निम्ति आउनुहुन्छ ?

३. एग्रोभेटबाट कस्ता प्रकारका बीउ, मल, विषादी तथा अन्य बस्तुहरु बिक्री गर्नु हुन्छ ?

४. विषादीको अनुमानित बार्षिक बिक्री रु. उल्लेख गर्नुहोस । मुख्य रुपमा विक्री गरिने विषादीहरु उल्लेख गर्नुहोस ।

५. रासायनिक मलको अनुमानित बार्षिक बिक्री रु. उल्लेख गर्नुहोस । मुख्य रुपमा विक्री गरिने रासायनिक मलहरु उल्लेख गर्नुहोस ।

६. बीउको अनुमानित बार्षिक बिक्री रु. उल्लेख गर्नुहोस । मुख्य रुपमा विक्री गरिने बाली/ बीउका प्रकारहरु उल्लेख गर्नुहोस ।

७. हर्मोन/ फेरोमोन/ ट्र्याप/ सूक्ष्म तत्व आदिको बिक्री अवस्था र अनुमानित बार्षिक कारोबार रु. उल्लेख गर्नुहोस ।

८. जैबिक विषादी र जीवाणु मल /जैबिक मल आदिको बिक्री अवस्था र अनुमानित बार्षिक कारोबार रु. उल्लेख गर्नुहोस ।

अनुसूची ३
कृषि बाली उत्पादन विवरण

क) सायल गाउँपालिका, डोटी

क्र.सं.	वडा	रैथाने बाली	क्षेत्रफल (हे.)	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)
१	वडा नं २	कोदो	७	८.१०	१.१६
२	वडा नं ३	कोदो	१५	१७.४०	१.१६
३	वडा नं ३	स्थानीय आलु	२०	२६५	१३.२५
४	वडा नं ३	बेथे/लट्टे	४	४.४५	१.११
५	वडा नं ४	कोदो	१३	१५.१०	१.१६
६	वडा नं ४	स्थानीय आलु	१५	१९६.५०	१३.१०
७	वडा नं ४	बेथे/लट्टे	२	२२.०	११.०

ख) रामारोशन गाउँपालिका

क्र. स.	वडा	रैथाने बाली	उत्पादन (मे.टन.)	उत्पादकत्व (मे.टन./हे.)	अन्य बाली	उत्पादन (मे.टन)	उत्पादकत्व ((मे.टन./हे.)
१	वडा नं. १	सिमी सोईटा भटमास	२००	२.५-४	तरकारी बाली	१००-१५०	४
		कोदो	४०	०.४-०.७५	खाधान्न बाली	१२०-१५०	०.५-१.२
		मसला बाली	१००	१.५-२	फलफूल बाली	३०-५०	२-३
२	वडा नं. २	सिल्टी गहत मास सिमी सोईटा	८०	२.५-४	तरकारी बाली	११०-१५०	२-३
		कोदो	१०	०.४-०.७५	खाधान्न बाली	५०-१००	०.५-१.२
		मसला बाली	५०	०.१५-०.२५	फलफूल बाली	१००-२००	२-३
३	वडा नं. ३	सिमी सोईटा भटमास	११०-२००	०.२५-०.४	तरकारी बाली	१२०-१५०	३-५
		कोदो	४०-८०	०.४-०.७५	खाधान्न बाली	११०-१५०	०.५-१.२
		आलु स्थानीय	२०० ५००	०.१५-०.२५	फलफूल बाली	१५०-२५०	२-३
४	वडा नं. ४	सिमी सोईटा भटमास	१५०-२५०	०.२५-०.४	तरकारी बाली	१५०-३००	३-५
		कोदो	८०-१२०	०.४-०.७५	खाधान्न बाली	१५०-२००	०.५-१.२
		स्थानीय आलु	३००-५००	०.१५-०.२५	फलफूल बाली	२००-३००	२-३

५	वडा नं. ५	सिमी सोईटा भटमास	३००-४५०	०.५-१.२	तरकारी बाली	३००-५००	३-५
		जुम्ली मार्सि	५०-१००	०.५-१.२	खाधान्न बाली	२००-३००	०.५-१.२
		कोदो	१२०-१५०	०.४-०.७५			
		स्थानीय आलु	५०००-८०००	७.५-१०	फलफूल बाली	३००-४००	२-५
६	वडा नं. ६	सोईटा भटमास	१५०-२००	०.२५-०.४	तरकारी बाली	२००-३००	३-७
		कोदो	११०-१३०	०.४-०.७५	खाधान्न बाली	१५०-२००	०.५-१.२
		स्थानीय आलु	४००-५००	०.१५-०.२५	फलफूल बाली	३००-३५०	०.५-१.२
७	७	सिल्टी सोईटा भटमास	१३०-२५०	०.२५-०.४	तरकारी बाली	१८०-२५०	३-७
		कोदो	१२०-३००	०.४-०.७५	खाधान्न बाली	१४०-२५०	०.५-१.२
		स्थानीय आलु	३००-८००	२.५-६	फलफूल बाली	२५०-३००	०.५-१.२

ग) सूर्नया गाउँपालिका

क्र. सं.	वडा	रैथाने बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)	अन्य बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)
१	वडा नं ६,७,८ (खरकाधार, छिडा, दोरा, ढोले)	मसला बाली (लसून)	४५०	५	बेसार, अदुवा	४५	८

घ) पुर्चौडी नगरपालिका

क्र.सं.	वडा	रैथाने बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)	अन्य बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)
१	वडा ६ , धारुडी	आलु	३८१.६	१५	सिमी	५	०.८
२	वडा ६, रुईसिनी	आलु	४५८	१५	सिमी	३	०.८
३	वडा ७, काफली	आलु	३०५	१५	सिमी	२	०.८

ङ) बुङ्गल नगरपालिका

क्र.सं.	वडा	रैथाने बाली	उत्पाद (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)	अन्य बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)
१	वडा नं. १	सिमी	१००	१.३	आलु मकै	१२० १००	१२ २.५
२	वडा नं. २	सिमी	८०	१.३	आलु मकै	१२० १००	१२ २.५
३	वडा नं. ३	कोदो	५०	१	मकै	८०	२.५
४	वडा नं. ४	कोदो मास गहत	८० ७० ५०	१ १ ०.८	धान	३००	२.५
५	वडा नं. ५	भटमास	७०	१.४	सुन्तला		

६	वडा नं. ६	कोदो भटमास	५०	१ १.४	मकै	५०	२.५
७	वडा नं. ७	जौ उवा	८० ३०	१.७ ०.९	मकै	६०	२.५
८	वडा नं. ८	कोदो		१	मकै	५०	२.५
९	वडा नं. ९	चामडे धान			मकै	६०	२.५
१०	वडा नं. १०	भटमास गुरास कागुनो			मकै	८०	२.५
११	वडा नं. ११	जौ			मकै	५०	२.५

च) मष्टा गाउँपालिका

क्र.सं.	वडा	रैथाने बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)	अन्य बाली	उत्पादन(मे.टन)	उत्पादकत्व(मे.टन/हे.)
१	वडा नं. १	कोदो	१५०	३.५	आलु	१३०	३
२	वडा नं. २	गुरास	३५	१.७	मार्से/लट्टे	१५	१.५
३	वडा नं. ३	कोदो	५२	१.५	खर्से धान	५५	२.७
४	वडा नं. ७	जौ	१७०	३.७	सिमी	१५	१.५

छ) साईपाल गाउँपालिका

क्र.सं.	वडा	रैथाने बाली	उत्पादन(मे.टन)	उत्पादकत्व(मे.टन/हे.)	अन्य बाली	उत्पादन(मे.टन)	उत्पादकत्व(मे.टन/हे.)
१	वडा नं. १	गुरास दाल कोदो सिमी	१५.५ ९ ११	१.१ ०.९ १	आलु	४१	१८
२	वडा नं. २	गुरास दाल सिमी	७ ७.१	१.१ १	आलु	२५	१८
३	वडा नं. ३	गुरास दाल सिमी कोदो मार्से	१३.५ १३ १४.५ ४	१.१ १ ०.८५ ०.४	आलु	४२	१६
४	वडा नं. ४	सिमी फापर चिनो उवा	२० ३ २ ४	१.१ ०.८ ०.९ ०.९५			
५	वडा नं. ५	उवा फापर गुरास दाल सिमी	३ २ ४ ११	०.९ ०.८ १.१ १.१	आलु	१८	१६

ज) तलकोट गाउँपालिका

क्र.सं.	वडा	रैथाने बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)	अन्य बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)
१	वडा नं. ३	कोदो	६०	१.७	मास	६०	१.७५
२	वडा नं. ४	कोदो गुरास दाल	१०० ४०	०.९८ १.१९	भटमास आलु	४० १५०	१.१९ ३.५८
३	वडा नं. ६	कोदो कागुनो	७० १०	२.०८ ०.२९	आलु	१५०	३.५८
४	वडा नं. ७	कोदो गुरास दाल	९० ३०	०.६८ १.२	आलु	१५०	३.५८

झ) अपिहिमाल गाउँपालिका

क्र. सं.	वडा	रैथाने बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)	अन्य बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)
१	वडा नं. ३	फापर,चिनो ,कागुनो	१५.७	१.२-१.५	गहुँ (सबै वडा)	८७.८	१.५-२
२	वडा नं.१,२,३,४र६	राजमा	३८.५	०.८-१	मकै (सबै वडा)	१३५	२-२.५
३	वडा नं. ३,४ र ६	आलु	९०	८-८.५	जौ (सबै वडा)	१६३	१-१.५
४	वडा नं. २,३,४ र ६	स्याउ	३८	५-६			

ञ) ब्याँस गाउँपालिका

क्र.सं.	वडा	रैथाने बाली	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हे.)
१	वडा नं. १	फापर उवा राज्मा	५ ५-६ २-२.५	१-२
२	वडा नं. २	राज्मा	८-९	२-२.५
३	वडा नं. ३	आलु	१००-१५०	१-१.५

ट) हिमाली गाउँपालिका

क्र.सं.	वडा	रैथाने बाली	उत्पादन (मे.टन)	अन्य बाली	उत्पादन (मे.टन)
१	वडा नं. १ देखि ७ सम्म	कोदो चिनो कागुनो फापर	२५० १५ १२ ५	सिमी मार्से/लट्टे स्थानीय रातो धान जौ उवा जुनेलो	१०० ४ ५० ५ ३ १

अनुसूची ४

सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा प्राङ्गारिक कृषि क्षेत्र जोनिङ र मुख्य बालीको विवरण

क्र.सं.	जिल्ला	स्थानीय तह	क्षेत्र	मुख्य बाली
१	बाजुरा	गौमुल गा.पा.	वडा नं. १, २ र ३	जौ, कोदो, मकै, सिमी
		हिमाली गा.पा.	सम्पूर्ण क्षेत्र	सिमी, कागुनो, चिनो, कोदो, फापर, लट्टे, कालो मास, रातो धान
		बडीमालिका न.पा.	वडा नं. ३, ५, ६ र ७	कोदो, जौ
		बुढीनन्दा न.पा.	वडा नं. ३, ४, ९ र १०	सिमी, कोदो, आलु
		जगन्नाथ गा.पा.	वडा नं. २, ३, ४, ५ र ६	सिमी, कोदो, कागुनो, मकै
		स्वामीकार्तिक खापर गा. पा.	सम्पूर्ण क्षेत्र	सिमी, चिनो, कागुनो, कोदो, मकै, भटमास
२	अछाम	रामारोशन गा.पा.	वडा नं. ५ (अल्लेडी, दलेना, आडेखांद, सटेगडा क्षेत्र)	आलु, मकै, सिमी, भटमास, धान, गहुँ, जौ, कोदो
३	डोटी	सायल गा.पा.	वडा नं. २ को सिर्मा, वडा नं. ३ को साप्रा बेटारा, वडा नं. ४ को भल्माराघंगोर	आलु (सायलि आलु), कोदो, लट्टे, मकै
४	बैतडी	पुर्चौडी न.पा.	वडा नं. ६ को रुसिने, धारुडी, वडा नं. ७ को काफली	मकै, भटमास, कोदो, आलु, सिमी
		सुर्नया गा.पा.	वडा नं. ७ र ८	आलु, मकै, भटमास, लसुन, बेसार, अदुवा
५	बझाङ्ग	साईपाल गा.पा.	सम्पूर्ण क्षेत्र	आलु, सिमी, गुरास दाल, कोदो, उवा, फापर, लट्टे, चिनो
		सुर्मा गा.पा.	वडा नं. ४ र ५	आलु, जौ, उवा, चोतो
		तलकोट गा.पा.	वडा नं. ३, ४, ६ र ७	सिमी, गुरास दाल, मास, कोदो, आलु, कागुनो, भटमास
		मष्टा गा.पा.	वडा नं. ६ र ७	कोदो, जौ
		बुंगल न.पा.	वडा नं. १, २ र ३	आलु, कोदो, सिमी, मकै
६	दार्चुला	मालिकाअर्जुन गा.पा.	वडा नं. २, ३, ४ र ८	मकै, कफि, अदुवा, बेसार
		मार्मा गा.पा.	वडा नं. १ र ५	आलु, कोदो, सिमी, मह
		नौगाड गा.पा.	वडा नं. १, २, ३, ४, ५ र ६	राजमा, सिमी, कोदो, आलु, तरकारी
		ब्यास गा.पा.	वडा नं. १, २, ३	राजमा, फापर, उवा र आलु
		अपिहिमाल गा.पा.	सम्पूर्ण क्षेत्र	आलु, राजमा, फापर, चिनो, कागुनो, गहुँ, मकै, जौ र स्याउ

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
हिमाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

गौमुल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा